# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३२ | काठमाडौं | शुक्रबार, ११ जेठ २०८१ | Prabhab National Daily | Friday, May 24, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# 'टीओआर'मा टस न मस

कांग्रेसले अहिले केही सवाल उठायो । उठाएको पनि रवि लामिछाने कि को भन्ने बाबुबिरूद्ध । रवि लामिछानेविरूद्ध कांग्रेस खनिएको छ, के भन्नु ? भँगेरा मार्न जाने तोप बोकेर

■ **केपी शर्मा ओली**
**अध्यक्ष, नेकपा एमाले**



## गृहमन्त्रीमाथि कांग्रेस खनिएकोमा ओलीको आपत्ति

एमाले अध्यक्ष केपी शर्मा ओलीले नेपाली कांग्रेसले संसदमा उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेमाथि सहकारी ठगीको आरोप लगाउँदै संसद अवरुद्ध गरिरहेको र एउटा पात्रका विरुद्ध खनिएकोमा आपत्ति जनाए । 'कांग्रेसले अहिले केही सवाल उठायो। उठाएको पनि रवि लामिछाने कि को भन्ने बाबुबिरुद्ध कांग्रेस खनिएको छ । रवि लामिछानेविरुद्ध कांग्रेस खनिएको छ, के भन्नु - भँगेरा मार्न जाने तोप बोकेर,' बिहीबार सुनसरीमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले भने, 'बल्ल बल्ल राजनीतिमा आएको एक वर्ष भएको छ। कांग्रेसले अघिल्लो दिन प्रधानमन्त्रीमा प्रस्ताव गरेको र प्रस्ताव नमानेपछि सहकारी ठगीको आरोप लगाएर अर्घेल्याइँ गरेको हो ।'

संसदमा मुर्दावादको नारा लगाउन नमिल्ने र अप्रमाणित कुरा संसदमा बोल्न नहुने ओलीले बताए । (क्रमशः पृष्ठ २ मा)

जसका बारेमा छानबिन समिति बनाउने भनेका छौं त्यहाँ नपुगेसम्म हामी मान्दैनौं । सत्तापक्षका साथीहरूले रवि लामिछानेको नाम नराखेर पनि छानबिन समिति बनाउन सकिन्छ भन्नु भएको छ । हामी त्यस्तो गोलमोटोल मान्दैनौं

■ **जीवन परियार**
**सहमहामन्त्री, नेपाली कांग्रेस**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सहकारीको रकम अपचलनको मुद्दा पार लगाउन कस्तो मोडालिटीमा जाने ? यो विषय पार लगाउन बनेको कार्यदलको बिहीबारको बैठक पनि निष्कर्षबिहीन बनेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने सहकारी ठगी प्रकरणमा संलग्न रहेको आरोप लगाउँदै लामो समयदेखि कांग्रेसले विरोध गर्दै आएको छ।

कांग्रेसले संसदीय छानबिन समितिबाटमात्र यो मुद्दा पार लाग्ने भन्दै सदनदेखि सडकसम्मै आन्दोलनका कार्यक्रम सार्वजनिक गरिसकेको छ। तर सत्तापक्षले भने कांग्रेसका मागको कुनै सुनुवाई नगर्ने देखिएको छ।

बिहीबार सिंहदरबारस्थित कानुन मन्त्रालयमा बसेको बैठकमा कुनै सहमति हुन नसकेको एमाले प्रमुख सचेतक महेश बर्तौलाले बताए। यद्यपि सहकारीको नाम भने खुलाएर लेख्न सकिने विषयमा आफूहरूले प्रस्ताव राखेको बर्तौलाको भनाइ थियो। 'सहकारीको नाम राखेर छानबिन समिति बनाउने विषयमा छानबिन गरौं। व्यक्तिको नाम राखेर जान सकिँदैन भन्ने कुरा भयो,' बर्तौलाले भने। बैठकमा कांग्रेस केही लचक भएको उनको दाबी थियो। 'पहिला नै नाम राख्न सकिदैन भनेर भन्ने हामीले भन्यौ। कांग्रेस केही लचक भएको छ,' बर्तौलाले भने।

कांग्रेसले लामिछानेमाथि अनुसन्धान गर्न माग जारी राखेपछि सरकारले जेठ ५ गते कानुनमन्त्री पदम गिरीको संयोजकत्वमा कार्यदल गठन गरेको थियो। उक्त कार्यदलले छानबिन समितिको कार्यादेश(टीओआर) तय गर्ने जिम्मेवारी पाएको थियो। तर समितिको बैठकमा कार्यादेशबारे अझै सहमति जुट्न नसकेको हो।

(क्रमशः पृष्ठ २ मा)

सदन अवरोध

# कांग्रेसले चल्न नदिने सरकार पेलेरै अघि बढ्ने

■ **जेबी योञ्जन**



**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८१/०८२ को सरकारको नीति तथा कार्यक्रममाथि आज संघीय संसदको दुबै सदनमा छलफल हुँदैछ। छलफलका लागि प्रतिनिधिसभा बैठक बिहान ११ बजे र राष्ट्रियसभा बैठक मध्याह्न १ : १५ मा बस्ने भएको संसद सचिवालयले जनाएको छ। जेठ १ मा राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। यतिका दिन हुँदासम्म नीति कार्यक्रममाथि छलफल भएकै छैन। कारण, संघीय संसद अवरुद्ध छ।

सहकारीको बचत अपचलन प्रकरणमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने मुछिएको र उनलाई छानबिनको दायरामा ल्याउनुपर्ने माग प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले राख्दै आएको छ। मागअनुसार समिति गठनमा सत्तापक्ष र विपक्षी दुवै सकारात्मक छन्। तर, समितिको टीओआर तय गर्ने क्रममा गृहमन्त्री लामिछानेको नाम किटान गर्नुपर्ने कांग्रेसको अडान छ। सत्तापक्ष यसमा सहमत छैन। जसले गर्दा टीओआर नै टुंगो नलाग्दा समिति पनि गठन भएको छैन।

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले टीओआरमा गृहमन्त्री लामिछानेलाई छानबिनको दायरामा ल्याउन नामै किट्नुपर्ने नभए समितिको औचित्य नहुने बताएका छन्। 'प्रमाणहरूले उहाँ (गृहमन्त्री)को संलग्नता देखाउँछन्। अनि, टीओआर उहाँलाई छानबिनको दायरामा ल्याउने भनेर किन नकिट्ने ?', उनले प्रभावसँग भने, 'यदि, सहकारी ठगीको छानबिन मात्रै गर्ने भन्ने हो समितिले ६ वर्षमा पनि उहाँलाई अनुसन्धानको दायरामा ल्याउन सक्दैन।'

२१ फागुनयता कांग्रेसले लगातार सहकारी ठगी प्रकरणमा लामिछानेमाथि छानबिन हुनुपर्ने माग गर्दै आएको छ। दबाबस्वरूप कांग्रेस सांसदहरूले संसदमा वेल घेराउ त कहिले उभिएर विरोध गर्दै आएका छन्। सत्तापक्ष भने पेलेर अघि बढेको छ। कांग्रेसको अवरोध बाबजुद सभामुख देवराज घिमिरेले संसदका कारबाही अगाडि बढाउने गरेका छन्। यही मंगलबार (८ गते) त्यही भयो।

प्रचार विभाग प्रमुख विश्वकर्माका अनुसार आज पनि कांग्रेसले वेल घेराउ गर्ने छ। संसद अवरोध पार्नेछ। तर, सरकारले बहुमतको बलमा नीति तथा कार्यक्रम पारित गर्ने सम्भावना रहेको बताए। यसले राजनीतिलाई थप गतिरोधतर्फ लाने खतरा भएको उनको भनाइ छ।

■ सरकारको नीति कार्यक्रममाथि आज संसदमा छलफल हुने
■ गृहमन्त्रीलाई छानबिनको दायरामा ल्याउन छानबिन समिति गठन नभइसकेकोले कांग्रेसले सदन अवरोध गर्ने
■ सत्तापक्ष भने पेलेरै अघि बढ्ने पक्षमा

'गृहमन्त्रीविरुद्ध छानबिन समिति गठन नभइसकेको सन्दर्भबीच आज बस्ने संसद हामी चल्न दिँदैनौं', उनले भने, 'हाम्रो माग सम्बोधन भए खुल्छ, नभए खुल्दैन। यसले गर्दा सदन खुलाउने कि नखुलाउने सरकारकै जिम्मा हो।'

प्रतिनिधिसभा बैठकमा आज प्रधानमन्त्री पुष्पकमल दाहालले सरकारको नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने सम्भावित कार्यसूची छ। सांसदहरूको संशोधन प्रस्ताव भए प्रस्तुत गराइने भएको छ। नीति कार्यक्रममाथि छलफल हुने छ। यसपछि भने सदनमा उठेका प्रश्नहरूको जवाफ प्रधानमन्त्री दाहालले दिने कार्यसूची छ। दाहालको जवाफपछि सभामुख घिमिरले नीति कार्यक्रममाथि प्राप्त संशोधनहरू र राष्ट्रपति पौडेले प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई सदनमा निर्णयार्थ प्रस्तुत गर्ने छन्।

यसबाहेक सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले संघीय निजामती सेवा विधेयक २०८० लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने सम्भावित कार्यसूचीमा उल्लेख छ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

# देश छाड्ने तयारीमा नर्सहरु

| ठूलो खर्च गरेर नर्सिङ अध्ययन पुरा गरी नेपालमै काम गर्छु भन्नेलाई कामबाट पढाइ खर्च उठाउनै मुश्किल

| नेपालमा नर्सहरु अझै बेरोजगार नै बस्नुपर्ने अवस्था रहेको नर्सिङ एशोसिएसन अफ नेपालकी अध्यक्ष मनाकुमारी राइको भनाई

■ **मोहन प्रसाद पन्त**



**काठमाडौं–** केही दिन अघिमात्रै राजधानीको नाम चलेकै अस्पतालमा नर्सिङसम्बन्धी काम गर्दै आएकी काभ्रेकी निर्मला अधिकारी वैदेशिक रोजगारीको लागि कुवेत जाने तयारी गरिरहेकी छिन्। उमेरले २५ नकाटेकी उनले राजधानीकै एउटा म्यानपावरबाट प्रक्रिया अघि बढाएको बताइन्। 'यहाँ मासिक २० हजार रूपैयाँ तलब छ, त्यहाँ (कुवेतमा) नर्सलाई १६० केडी (नेपाली रूपैयाँ ७० हजार) दिने भनेको छ, अब उतै जाने हो,' अधिकारीले भनिन्। नेपालमै बस्ने हो भने नर्सिङ पढ्दा लागेको खर्च उठाउन पनि हम्मेहम्मे पर्ने उनको भनाई छ।

भर्खरै नर्सिङ अध्ययन पुरा गरेर एक अस्पतालमा इन्टर्न गरिरहेकी शर्मिला मगर (नाम परिवर्तन)ले पनि नेपालमा काम सिकेर विदेशै जाने सोच बनाएको सुनाइन्। 'विदेश जान पनि आइसीयू, इमरजेन्सी र प्रसूति वार्डहरूमा काम गरेको अनुभव नभई नहुने रहेछ,' उनले भनिन्, 'अब एक वर्ष जति यतै काम गर्छु अनि विदेश जाने हो।' नेपालमा काम गरे अनुसारको तलब, सुविधा केही नहुने सिनियर नर्सहरूले नै सुनाउने गरेको उनको भनाई छ। उनी सकभर अस्ट्रेलिया नभए बेलायत जाने सोचमा छिन्। 'त्यहाँ नर्सको भविष्य राम्रो छ रे ! तलब पनि ५/६ लाख हुन्छ भन्ने सुनेको छु,' उनले सुनाइन्।

नर्सिङ पेसामा लागेर काम अनुसारको सेवासुविधा नपाउँदा विदेशिने तयारी थालेका वा सोच बनाएका अधिकारी र मगर प्रतिनिधि पात्रमात्र हुन्। यहाँ त्यस्ता थुप्रै नर्सहरू छन् जो काम अनुसारको सेवासुविधा नभएको भन्दै विदेश पलायन हुने तयारीमा छन्। ठूलो खर्च गरेर नर्सिङ अध्ययन पुरा गरी नेपालमै काम गर्छु भन्नेलाई न्यून पारिश्रमिकले गर्दा विदेशिन बाध्य बनाएको देखिन्छ। दुःख र मिहिनेतका साथ ठूलै खर्च गरेर नर्सिङ अध्ययन पुरा गरेका र न्युन पारिश्रमिकमा काम गर्दै आएका नर्सहरू धमाधम विदेश पलायन हुन थालेका हुन्।

दक्ष श्रमिकको वर्गमा पर्ने नर्सहरूलाई विदेशमा प्रशस्तै अवसर हुने भए पनि नेपालमा भने अझै बेरोजगार नै बस्नुपर्ने अवस्था रहेको नर्सिङ एशोसिएसन अफ नेपालकी अध्यक्ष मनाकुमारी राइले बताइन्। 'नर्सहरूले आफ्नो दक्षता, क्षमता र योग्यता अनुसारको तलब र सेवासुविधा पाउन सकेका छैनन्,' उनले भनिन्, 'सरकारी अस्पतालमा हुनेहरूले न्यूनतम तलब र सुविधाहरू पाइरहे पनि निजी अस्पतालमा काम गर्ने नर्सहरूको अवस्था दयनीय नै छ।' उनका अनुसार विगतमा अस्पतालहरूले नर्सलाई स्वयंसेवकका रूपमा काममा लगाउने गर्थे। अहिले त्यो व्यवस्था हटेपनि कतिपय ठाउँमा खाजा खर्च भन्दै ८/१० हजार दिएर काम लगाउने गरेको गुनासो सुनिएको छ। तर हामीले तलव पाएनौ वा थोरै पैसामा काम गर्नु पऱ्यो भन्दै निवेदन दिन भने कोही नआएको राईले बताइन्।

त्यस्तै नर्सिङ पेशामा संलग्न नर्सहरू नेपालमा काम अनुसारको तलब र सेवा सुविधा भएन भन्दै विदेश जाने गरेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेल बताउँछन्।

(क्रमशः पृष्ठ २ मा)

# सिरोहिया पक्राउप्रति तीन व्यावसायिक संगठनको आपत्ति



मुलुक अहिले आर्थिक संकटको अवस्थाबाट माथि उठिनसकेको र अर्थतन्त्रको सुधारका लागि सरकार र निजी क्षेत्रको संयुक्त प्रयासबाट भर्खरै लगानी सम्मेलन आयोजना गरी नेपालमा अनुकुल वातावरण रहेकाले लगानी गर्न स्वदेश तथा विदेशका सबै लगानीकर्ताहरूलाई आग्रह पनि गरिएको उल्लेख गर्दै यस अवस्थामा कहीँ कतैबाट पनि व्यावसायिक वातावरण खल्बलिन दिनु हुँदैन

**काठमाडौं–** निजी क्षेत्रका उद्योगी व्यावसायिकका तीनवटा संगठन नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले कान्तिपुर मिडिया ग्रुपण्का अध्यक्ष कैलाश सिरोहियालाई पक्राउ गरिएका प्रति आपत्ति जनाएका छन्।

तीनवटै संगठनले बिहीबार संयुक्त विज्ञप्ति जारी गर्दै कानुनविपरीत काम गरेको प्रमाणित भएमा जोकोही पनि कारबाहीको भागिदार हुनुपर्छ भन्नेमा स्पष्ट भएको रहेको तर, कुनै पनि विषयमा उजुरी परेकै भरमा पक्राउ नै गरिहाल्ने र थुन्ने जस्ता कार्यले सकारात्मक सन्देश नजाने उल्लेख गरेका छन्। ती संगठनहरूले यस्तो घटनाले उद्यमी, व्यवसायी तथा लगानीकर्ताको मनोबल थप घट्नेसमेत उल्लेख गरेका छन्।

'विगतदेखि नै नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्सले उजुरी पर्दैमा वा आरोप लाग्दैमा थुन्ने नभई सुनुवाईको मौका दिनुपर्ने भन्दै आइरहेका छौं। उजुरीकै भरमा उद्यमी, व्यवसायी वा जो कोहीलाई थुनिहाल्ने नभएर राज्यले उनीहरूका कुरा सुनिदिनुपर्छ भन्ने हाम्रो आग्रह हो', संयुक्त विज्ञप्तिमा भनिएको छ, 'थुनेपछि मात्रै सुन्ने प्रवृत्तिले समग्र क्षेत्रमा नकारात्मक असर पर्ने भएकाले आवश्यक परेमा अग्रिम जमानत लिने र आरोप प्रमाणित भएपछि मात्रै कानुनी कारबाहीको प्रक्रिया अघि बढाउनेतर्फ राज्य अगाडि बढ्न हामी आग्रह गर्दछौं।'

मुलुक अहिले आर्थिक संकटको अवस्थाबाट माथि उठिनसकेको र अर्थतन्त्रको सुधारका लागि सरकार र निजी क्षेत्रको संयुक्त प्रयासबाट भर्खरै लगानी सम्मेलन आयोजना गरी नेपालमा अनुकुल वातावरण रहेकाले लगानी गर्न स्वदेश तथा विदेशका सबै लगानीकर्ताहरूलाई आग्रह पनि गरिएको उल्लेख गर्दै यस अवस्थामा कहीँ कतैबाट पनि व्यावसायिक वातावरण खल्बलिन दिनु नहुने उनीहरूको सुझाव छ।

'कुनै पनि व्यवसायीको मानमर्दन गरेर तथा उनीहरूलाई हतोत्साही गरेर लगानीको वातावरण बन्न सक्दैन। अहिले देशभित्रका सानादेखि ठूला व्यवसायीलाई प्रोत्साहन तथा हौसलाको आवश्यकता छ। उद्योगी व्यवसायी एवं लगानीकर्तालाई सरकारले अभिभावकत्व प्रदान गर्नु पर्दछ। देशभित्र व्यवसायिक वातावरण खल्बलाउने काम कहीँ कतैबाट पनि नहोस् भन्ने तर्फ हामी सबैको पुनः ध्यानाकर्षण गराउन चाहन्छौं,' विज्ञप्तिमा भनिएको छ।

**पृष्ठ १ बाट क्रमशः**

### कांग्रेसले चल्न ...

तर, पनि कांग्रेसले सदन अवरुद्ध पार्ने भएको छ । सहकारीको बचत अपचलन प्रकरणमा मुछिएका गृहमन्त्री लामिछानेको नाम किटेर कार्यादेश टुंगो लगाइ छानबिन समिति गठन गरे मात्रै सदन निर्वाधरूपमा चल्न दिने पक्षमा कांग्रेस छ । कांग्रेसले आजको बैठकमा कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाशप्रसाद सिरोहियाको पक्राउ र प्रधानमन्त्री दाहालले गृहमन्त्री रविविरुद्ध कहीँ पनि उजुरी नपरेको र उनी सहकारी काण्डमा नमुछिएको भनेर झुटो बोलेको भन्दै त्यसको पनि जवाफ माग्ने तयारी गरेको छ । महान्यायाधिवक्ता दीनमणि पोखरेलले सहकारी प्रकरणमा मुद्दा नचल्ने निर्णय गरेको र प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले पनि माहतका प्रहरी इकाइमा उजुरी नपरेको भनेर झुक्यानमा पारेको भन्दै त्यसविरुद्ध पनि कांग्रेसले प्रश्न गर्ने भएको छ ।

प्रमुख सत्तारुढ दल नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौला भने कांग्रेसले सदन अवरोध गर्न नहुने बताउँछन् । अवरोध गरे भने पनि सभामुखले संसदको कारबाही अगाडि बढाउन सक्ने बताए । 'छानबिन समिति गठन गर्ने सहमति भएरै टीओआर टुंगो लगाउन हामी निरन्तर सम्वादमा छौँ र यस्तोबेला संसद अवरोध गर्नु राजनीतिकरूपमा कांग्रेसले मिल्दैन', उनले भने, 'किनभने नीति कार्यक्रम पारित गर्नुपर्ने समय हामीसँग छैन । बजेट ल्याउने दिन पनि नजिकियो । यदि गरे भने पनि सभामुखले सदन चलाउनुहुन्छ ।'

कांग्रेसको अवरोध जारी रहे सरकारले विकल्प सोच्न सक्ने पनि बताए । यसको मतलव सरकारले आवश्यक पर्दा अध्यादेशबाट बजेट ल्याउन सक्छ । सरकारका लागि यो विकल्प खुला छ ।

■■■

### "टीओआर"मा टस...

एमाले नेता बर्तौलाले भने झैं समितिमा कांग्रेसले कुनै लचकता नदेखाएको कांग्रेस सहमहामन्त्री जीवन परियारले बताए । सहकारीको रकम अपचलनमा गृहमन्त्री लामिछाने संलग्न रहेको पुष्टि भइसकेकोले नाम कीटेरै राख्नुपर्ने कांग्रेसको माग छ । 'हामी अडानबाट पछि हटेका छैनौं । जसका बारेमा छानबिन समिति बनाउने भनेका छौं त्यहा नपुगेसम्म हामी मान्दैनौं,' परियारले भने, 'सत्तापक्षका साथीहरूले रवि लामिछानेको नाम नराखेर पनि छानबिन समिति बनाउन सकिन्छ भन्नु भएको छ । हामीले त्यस्तो गोलमोटोल मान्दैनौं भनेका छौं ।'

कार्यदलमा प्रमुख तीन दलबाट एक एक जना र सरकारका तर्फबाट कानुनमन्त्री रहेका छन् । कार्यदलमा कानुनमन्त्री गिरी, कांग्रेस सहमहामन्त्री परियार, एमाले प्रमुख सचेतक बर्तौला र रास्वपाबाट शिशिर खनाल रहेका छन् । बिहीबारको बैठकमा कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्की पनि सहभागी थिए । रास्वपा नेता शिशिर खनालले कांग्रेस नेताहरूले पार्टी नेतृत्वसँग छलफल गर पछि थप निर्णय लिने बताए । 'हामीले समितिका लागि प्रस्ताव गऱ्यौं । कांग्रेसले नेतृत्वसँग कुरा गर्छौं भन्नु भएको छ,' खनालले भने ।

बिहीबार सहमति नजुटेपछि कार्यदलले आज बिहानका लागि बैठक डाकेको छ । आजै बिहान ११ बजे प्रतिनिधि सभाको बैठक बस्दैछ । प्रतिनिधि सभाको बैठक अघि कार्यदलले कुनै न कुनै निचोड आउने गरी छलफल गर्ने बर्तौलाले दाबी गरे । 'कार्यदलको अन्तिम बैठक बिहान ८ बजे बस्छ । यहाँबाट निष्कर्ष निकालेर हामी सदनमा पुग्छौं,' बर्तौलाले भने ।

■■■

### गृहमन्त्रीमाथि कांग्रेस ...

राजनीति गर्नुपर्छ तर राजनीति देशका लागि, जनताका लागि, सत्य स्थापनाका लागि हुनुपर्ने उनको भनाइ थियो । राजनीति क्षणिक स्वार्थका लागि र क्षणिक लाभका लागि गर्न नहुने उनले बताए ।ओलीले थपे, 'रातिसम्म प्रधानमन्त्रीका लागि ठीक, म यता लाग्न सक्दिनँ भनेपछि त्यसो भए तँ सहकारीको ठग । यो अलि मिलेन । एउटा व्यक्तिको नाम लिएर संसदमा सहकारीको ठग कहाँ प्रमाणित भयो । भ्रष्टाचारी ठहर भएको मान्छे संसदमा उभिएर सहकारी ठग भनिरहेको छ । संसदमा मुर्दावादको नारा लगाइँदैन । त्यसलाई राम्रो मानिँदैन । अप्रमाणित कुरा संसदमा बोलिँदैन ।'

■■■

### देश छाड्ने...

'यसले नेपालको दक्ष जनशक्ति विदेश पलायन हुने खतरा त छँदैछ, अवसर र भविष्य पनि उतै देख्छन्,' उनले भने, 'जहाँ राम्रो आम्दानी हुन्छ, राम्रो भविष्य देख्छ मान्छे त्यतै आकर्षित हुन्छ ।' नेपालमा महिनामा २० हजार तलब पाउन पनि गाह्रो रहेको भन्दै उनले विदेश जाने नर्सले मुलुक अनुसार मासिक एकलाखदेखि पाँच लाखसम्म कमाउने बताए । पछिल्लो समय नर्सहरूमा खर्च गरेर पढे अनुसारको आम्दानी हुनुपर्छ भन्ने मानसिकता पलाएका कारण विदेश जानेको संख्या बढीरहेको पनि भुर्तेलले बताए । उनका अनुसार नर्सहरू आफ्नो पेशामा मात्र नभई केयर गिभर/केयर टेकरको रूपमा पनि जाने गरेका छन् ।

यसै साता न्युनतम पारिश्रमिक र सेवा सुविधसमेत नपाउँदा नर्सहरू विदेश पलायन हुने खतरा रहेको भन्दै प्रधानमन्त्री पुष्पकमल दाहालले यसलाई आफूले गम्भिर ढंगले लिएको बताए थिए । गत मे १२ मा अन्तर्राष्ट्रिय नर्सिङ दिवसको सन्दर्भमा आयोजित एक कार्यक्रममा सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले प्राविधिक जनशक्तिले लामो समय 'इन्टर्न'का रूपमा काम गर्नुपरेको र नर्सहरूको पारिश्रमिक अत्यन्त न्यून रहेकोबारे आफू जानकार रहेको बताएका थिए । वर्षौं काम गर्दासमेत नर्सिङ पढ्दाको खर्च उठाउन मुश्किल हुने समस्याहरू महसुस गरेको भन्दै उनले नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक सबै निजी अस्पताल, नर्सिङ होम र स्वास्थ्य केन्द्रमा लागु गराउने प्रतिवद्धता व्यक्त गरेका थिए ।

# विभिन्न कार्यक्रमसहित मनाइयो बुद्धजयन्ती

**काठमाडौं (प्रस)**– शान्तिका अग्रदूत भगवान् गौतमबुद्धको २५६८औं जन्म जयन्ती मनाइएको छ । बिहीबार घर, गुम्बा, चैत्य, बिहारमा श्रद्धाभक्तिपूर्वक पूजा आराधना, प्रवचन एवं शान्ति सन्देश फैलाउन उनले खेलेको योगदानको स्मरण गरी पर्व मनाइएको हो ।

यसै अवसरमा बुद्धको जन्मस्थल लुम्बिनी, काठमाडौंको बौद्ध, स्वयम्भूलगायत बौद्ध तीर्थस्थल, गुम्बा, बिहार तथा विभिन्न संघ संस्थाको अगुवाइमा देशैभर विविध कार्यक्रम सम्पन्न गरियो । प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्धजयन्ती पर्व सिद्धार्थ गौतम अर्थात् शाक्यमुनि बुद्धले शान्तिको सन्देश फैलाउन पुऱ्याएको योगदानको स्मरणमा उनीप्रति आराधना, ध्यान गरी मनाइन्छ । बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मुत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन् । उनको जीवनका तीन महत्त्वपूर्ण घटना वैशाख शुक्ल पूर्णिमाका दिन भएकाले यस दिनलाई बौद्धमार्गीले त्रिसंयोग दिवसका रूपमा पनि मनाएका छन् ।

'अहिंसा नै शान्ति र मैत्रीको आधारशीला हो' यस्ता अनेकौं कालजयी सन्देशबाहकका रूपमा भगवान् गौतम बुद्धको परिचय विश्वव्यापी बनेको छ । बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा लामा एवं बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिएको थियो । यस अवसरमा नागरिकले भने बेलुकी घरमै दीपावली गरेर बुद्धजयन्ती मनाउने गरेका छन् ।

लुम्बिनी, स्वयम्भू, बौद्धलगायतका स्थलमा पनि विविध कार्यक्रम आयोजना गरी बुद्धजयन्ती मनाइएको छ । इसापूर्व ५६३ अर्थात् आजभन्दा २५६८ वर्षअघि माता मायादेवी कपिलवस्तुको तिलौराकोटबाट रूपन्देहीको देवदह जाने क्रममा लुम्बिनी उद्यानमा वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको हो । उनले कपिलवस्तु राज्यका राजा शुद्धोधन र मायादेवीका सुपुत्रका रूपमा हालको रूपन्देहीको लुम्बिनीमा जन्म लिएको इतिहास छ । राजकुमारका रूपमा प्राप्त हुने सुखसयल छोडी दुःख निवारणको कारण खोज्न २९ वर्षको उमेरमा तपस्याका लागि निस्किएका उनले तपस्याबाट प्राप्त बुद्धत्वका माध्यमबाट विश्व शान्ति स्थापनाका लागि सहयोग पुऱ्याए ।

इसापूर्व ५२८ को वैशाख शुक्ल पूर्णिमाका दिन उनले बुद्धगयास्थित पिपलको रुख (बोधिवृक्ष) मुनि बुद्धत्व प्राप्त गरे । बुद्धत्व प्राप्त गरेपछि नै उनलाई गौतम बुद्ध, बुद्ध भगवान् आदि नामले पुकारिएको हो । दुःखलाई नाश गर्न तृष्णा क्षय गर्ने आठ मार्ग नै बुद्धले पाएको ज्ञान हो । सम्यक् संकल्प, सम्यक् दृष्टि, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि यी आठ मार्ग हुन् भनी उनले ज्ञान बाँडेका छन् ।

यी ज्ञान पहिलोपटक सारनाथस्थित मृगदावनमा पञ्चवर्गीय भिक्षुहरूलाई प्रवचन (धर्मदेशना) का माध्यमबाट बाँडेका थिए । ४५ वर्षसम्म यस्तो ज्ञान बाँडेपछि ८० वर्षको उमेरमा इसापूर्व ४८३ मा वैशाख शुक्ल पूर्णिमाकै दिन कुशीनगरमा उनले महापरिनिर्वाण (मृत्यु) प्राप्त गरे ।

विश्व जगत्मा शान्तिका अग्रदूत र एसियाका ताराका रूपमा भगवान् गौतम बुद्धलाई चिनिन्छ । बुद्धले आठ मार्गका माध्यमबाट शान्ति, अहिंसा, मैत्री र करुणाको शिक्षा आममानिसलाई दिए । यसैकारण विश्वमा बुद्धदर्शनले सम्प्रदाय वा पथको रूप धारण गरेको छ । यसप्रति अध्ययन, अनुसन्धान गर्नेको संख्या बढ्दै गएको छ ।

# अनलाइनबाटै मागपत्र प्रमाणीकरण गर्दै दूतावास

**काठमाडौं, (प्रस)**– संयुक्त अरब इमिरेट्स (युएई)को अबुधाविस्थित नेपाली राजदूतावासले निकट भविष्यमै कामदार मागपत्र प्रमाणीकरणको कार्य अनलाइन प्रणालीमार्फत हुने जनाएको छ । दूतावासले एक सूचना जारी गर्दै मागपत्र प्रमाणीकरणको कार्य अनलाइनमार्फत हुने भएकाले सो प्रयोजनका लागि युएईमा रहेका रोजगारदाताहरूलाई यही जेठ ११ गतेदेखि युजर रजिस्ट्रेसन गराउन लागिएको उल्लेख गरेको छ ।

रोजगारदाताले युजर रजिस्ट्रेसन गरिसकेपछि दूतावासबाट छिटै नै युजर रजिस्ट्रेसन एक्टिभ गराई अनलाईन माग प्रमाणीकरण प्रक्रिया सुरु गरिने र त्यसको जानकारीका लागि सूचनासमेत प्रकाशन गर्ने दूतावासले जनाएको छ । मागपत्र प्रमाणीकरणमा हुने भौतिक उपस्थितिलाई अन्त्य गर्न सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन अनलाइन प्रणालीबाटै प्रमाणीकरण हुने गरी प्रक्रियाको सूरुवात गर्न लागिएको दूतावासले जनाएको छ ।

## सूचना सूचना सूचना

म श्री प्रकाश राज रेग्मी नेपाल चौपाया खरिद विक्री तथा कृषि फार्म ग्रुप प्रा. लि मा मिति २०७९/०७/१६ गते देखि शेयर सदस्य तथा संचालकमा रहेको र मिति २०८०/०३/१० गते बाट लागु हुने गरी कम्पनी रजिष्ट्रार कार्यालयबाट नै शेयर सदस्य र संचालक बाट हटिसकेको हुँदा कम्पनीको कुनै पनि आर्थिक प्रशासनिक र बैंकमा समेत जिम्मेवारी नरहेको व्यहोरा जानकारी गराउँदछु ।

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **Kapeel Manpower Pvt. Ltd.** (ई.प.नं.१८५/०५७/०५८) मा कार्यरत **Rebati Kattel (Accountant)** ले आफ्नो व्यक्तिगत काम विशेषका कारण हाल यस कार्यालयमा कार्यरत नरहेको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## गरुडा नगरपालिका
## Garuda Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of The Municipal Executive
गरुडा, रौतहट
Garuda, Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

### प्राविधिक प्रास्ताव स्वीकृत हुने सम्बन्धी आशयको सूचना

प्रथम पटक प्रकाशित मिति :२०८१/०२/११ गते

यस कार्यालयबाट मिति २०८०/१२/२१ गतेमा प्रकाशित ठेक्का नं. NCB/01/GARUDAMUN/080/081 प्रशासकीय भवन निर्माण सम्बन्धी बोलपत्र आह्वान गरिएकोमा उक्त ठेक्कामा सहभागी भएका बोलपत्र दाताहरूको प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा देहाय बमोजमका बोलपत्र दाताहरू सफल भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः**

| सि.न | बेलपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| 1 | Sundar Nepal Nirman Sewa, Hetauda-02 | सफल |
| 2 | SumitKalika Construction , Birgunj-13,Parsa | सफल |
| 3 | BNS-Sneha Construction J, Aauraha, Parsa | सफल |
| 4 | Shrestha-BatukBhairab JV | सफल |
| 5 | Munna Construction, Katahariya, Rautahat | सफल |
| 6 | SNS-UPB-JV, Jwagal-10, Lalitpur | सफल |
| 7 | Panchakanya Engineering Solution, Kupondole, Lalitpur | सफल |
| 8 | RP Builders-Mahato Construction JV, | सफल |
| 9 | Sahu Construction | सफल |
| 10 | Orbit-PBST Construction JV, Gorkarneswor, Kathmandu | सफल |
| 11 | NK Thapa Construction, Kathmandu | सफल |

प्रमुख प्रशासकीय अधिकृत

## शे-फोक्सुण्डो गाउँपालिका
[illegible]
### गाउँकार्यपालिकाको कार्यालय
साल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

### विवरण संशोधन गरिएको सम्बन्धी सूचना

यस गाउँपालिकाबाट मिति २०८१/०२/०६ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिका (पृष्ठ-३) मा प्रकाशित वोलपत्र आह्वान सम्बन्धी सूचनामा सूचना प्रकाशित मिति, Bid Submission Deadline/Bid Opening Date प्राविधिक कारणबस फरक पर्न गएको मा उक्त तथ्य संशोधन गरि सूचना प्रकाशन मिति २०८१/०२/०९ (22 May 2024), Bid Submission Deadline: २०८१/०३/०७ (21 June 2024) र Bid Opening Date: २०८१/०३/०७ (21 June 2024), 14:00 PM बनाईएको व्यहोरा सरोकारवाला सम्पूर्णको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार
### भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
### पूर्वाधार विकास निर्देशनालय
### पूर्वाधार विकास कार्यालय,
बाग्लुङ

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मिति २०८१/०२/११)

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा प्रकाशित निम्न बमोजिम वोलपत्र आव्हान सम्बन्धी सूचना (Single Stage Two Envelope) अनुसार दर्ता हुन आएका वोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्याङकनमा निम्न अनुसारको वोलपत्रदाताहरुले प्राविधिक प्रस्तावका शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल वोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८१/०२/१८ गते दिनको ११:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजानिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ तथा ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी सूचना प्रकाशन गरिएको छ ।

| S.N. | ठेक्का नं | कामको विवरण | वोलपत्रदाताहरु | Address |
|---|---|---|---|---|
| 1 | IDOBAGLUNG/NCB/W/R/059/2080/81 | Upgrading of Kusmisera-Rangkhani -Namdhuk -Bareng-Santipur Road (Remaining section) | ABC-ANC-MDN J.V. | Resunga-10, Gulmi |
| 2 | | | Akela-Atlantic JV | Lahare pauwa-1,Rasuwa |
| 3 | | | ANS-RB J.V. | Tansen-09, Palpa |
| 4 | | | Ayushree-G.Tech -B.M.A J.V. | Ramrekha, Baglung |
| 5 | | | Bijaya/Deuti/Narayansthan-Jv | Banepa, Kavre |
| 6 | | | BNB-MAHANKAL-PURNACHANDI JV | Purnachandi, Lalitpur |
| 7 | | | Gajindra Nirman Sewa | Syangja |
| 8 | | | Hari Hari Nirman Sewa | Ratopul,Kathmandu |
| 9 | | | Mangladevi Subas | Nuwakot |
| 10 | | | Pradip Jumli JV | Guthi-03, Baglung |
| 11 | | | Ramechaap Sherpa Construction | Kathmandu |
| 12 | | | Sarba Shakti Nirman | Gangabu Kathmandu |
| 13 | | | Satyawati Construcion | Kathmandu, |

## सिम्ता गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय, सुर्खेत

### सिम्ता गाउँपालिका सुर्खेतको अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाइसराइजस्ता व्यक्तिगत घटना वडा कार्यालयमा गई ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । चाडपर्वमा फजुल खर्च नगरौं । हाम्रा सांस्कृतिक पर्वहरुको जगेंना गरौं ।
- लैङ्गिक हिंसारहित समाज आदर्श समाज हो, यस्तो समाज निर्माणमा हामी सबै सहभागी बनौं ।
- ज्येष्ठ नागरिकको सम्मान गरौं । सभ्यताको परिचय दिऔं ।
- बालबालिकालाई उचित माया, ममता र सम्मान गरौं, बालश्रमको अन्त्य गरौं ।
- सार्वजनिक जग्गाहरु जस्तैः बाटो, मठमन्दिर, ढल, नाला, चौक, पोखरी अतिक्रमण गरी घर, कम्पाउण्ड र टहरा निर्माण नगरौं ।
- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले डेंगीबाट बच्न लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं, घर कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं, पानी राखेको भाँडालाई छोपेर राखौं ।

## यसरी मनाइयो २५६८औं बुद्ध जयन्ती













१ प्रधानमन्त्री पुष्पकमल दाहाल लुम्बिनी क्षेत्रको अवलोकन गर्नुअगाडि ध्यान गर्दै ।
२ पोखरा महानगरपालिका–१० रामघाटस्थित बौद्ध अर्घौं सदनमा लामा गुरुबाट आशिर्वाद लिँदै भक्तजन ।
३ सर्लाहीको बागमती नगरपालिका–११, स्थित बुद्ध शान्ति तपोवनमा बिहीबार निकालिएको पदयात्रा ।
४ सर्लाहीको बागमती नगरपालिका–११, स्थित बुद्ध शान्ति तपोवनमा रहेको बुद्धको प्रतिमामा पूजापाठ गर्दै बौद्ध धर्मावलम्बीहरू ।
५ रूपन्देहीको लुम्बिनीमा सिंगारिएको मायदेवी मन्दिर ।
६ काठमाडौंको स्वयम्भूस्थित भगवान् पाउमा बत्ती बाल्दै भक्तजन । *तस्बिरः रासस*

# ‘लुम्बिनीलाई अन्तर्राष्ट्रिय बौद्ध दर्शन र शिक्षाको केन्द्र बनाउने योजना छ’

■ प्रभाव संवाददाता

**लुम्बिनी–** प्रधानमन्त्री पुष्पकमल दाहालले लुम्बिनीलाई अन्तर्राष्ट्रिय बौद्ध दर्शन र शिक्षाको अझ ठूलो केन्द्र बनाइने बताएका छन् । लुम्बिनी बुद्धको जन्मस्थल मात्र नभई बौद्ध दर्शनको उद्गमस्थल भएको उनले स्पष्ट पारे ।

‘यस क्षेत्रलाई अन्तर्राष्ट्रिय बौद्ध दर्शन र शिक्षाको केन्द्र बनाउन ठोस योजना अगाडि बढाइएको छ,’ २५६८औं बुद्ध जयन्ती एवं लुम्बिनी दिवस मूल समारोहद्वारा बिहीबार यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले भने । वर्तमान सरकार बुद्धको विचार, मार्गदर्शन एवं बुद्ध जन्मभूमिलाई विश्वशान्ति र धार्मिक पर्यटकको गन्तव्यका रूपमा विकास गर्न क्रियाशील रहेको उनले बताए । ‘वर्तमान सरकार बुद्धको विचार, मार्गदर्शन एवं बुद्ध जन्मभूमिलाई विश्वशान्ति र धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकसित गर्न क्रियाशील छ,’ उनले भने ।

नेपालले आयोजना गरेको तेस्रो लगानी सम्मेलनमा बृहत्तर लुम्बिनी विकास परियोजनासम्बन्धी प्रस्ताव प्रस्तुत भई वैदेशिक लगानीका लागि विश्व समुदायलाई आह्वान गरिएको



जानकारी दिँदै प्रधानमन्त्री दाहालले यसले विश्वभरिका बौद्ध धर्मावलम्बीहरूलाई आकर्षण गरी धार्मिक पर्यटन एवं विश्वशान्तिमा गौतम बुद्ध र नेपालको योगदान प्रवर्द्धन हुने विश्वास व्यक्त गरे । ‘बुद्धको जन्मभूमि लुम्बिनीको भ्रमण गर्न पाउनु विश्वका प्रत्येक नागरिकका लागि गौरवको विषय हुन्छ,’ प्रधानमन्त्री दाहालले भने, ‘लुम्बिनीलाई विश्वभरिका बुद्धिष्टहरूको ‘बर्थिङ सेन्टर’का रूपमा विकास गर्ने र त्यसमार्फत यस क्षेत्र र सिंगो देशको पर्यटन प्रवर्द्धनमा उच्च सफलता हासिल गर्ने सम्भावना छ ।’

उनले शाक्यमुनि गौतमबुद्ध शील, समाधि र प्रज्ञाका प्रतिमूर्ति एवं शान्ति, एकता र सद्भावका सामूहिक प्रतीक भएको बताए । ‘पूर्वीय दर्शन र चिन्तन परम्परामा बुद्धको विचार र त्यसको प्रभाव निकै महत्त्वपूर्ण छ,’ प्रधानमन्त्री दाहालले भने, ‘मानव सभ्यता र संस्कृतिको विकासमा, ज्ञान निर्माण (आर्जन) र प्रज्ञाको अभ्युदयमा बुद्धको मार्गदर्शन अत्यन्तै प्रभावशाली छ । बुद्धको जन्मले नेपाललाई विश्वमा चिनाउने मात्र नभई धार्मिक पर्यटनको माध्यमबाट असीमित सम्भावनासमेत उपलब्ध गराएको छ ।’

मौर्यसम्राट अशोकद्वारा निर्मित अशोक स्तम्भको शिलालेखले बुद्धको जन्म लुम्बिनीमा भएको तथ्य अकाटच रूपमा प्रमाणित भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सम्पूर्ण मानव जातिको साझा धरोहर एवं विश्व सम्पदाको महत्त्वपूर्ण अंग पवित्र लुम्बिनीको द्रूत विकासका लागि सरकारले लुम्बिनीलाई राष्ट्रिय गौरवको आयोजनामा सामेल गरी लुम्बिनी गुरूयोजनाको बाँकी कार्य यथाशक्य पूरा गर्न लागिपरेको स्पष्ट पारे ।

प्रधानमन्त्री दाहालले भने, ‘अन्तराष्ट्रिय दातृराष्ट्र तथा संघ संस्थाहरूको समेत सहयोग तथा सहभागितामा सरकारले कपिलवस्तु क्षेत्र, देवदह क्षेत्र तथा रामग्रामको पुरातात्त्विक उत्खनन्, संरक्षण, प्रवर्द्धन तथा विकास गरी स्थानीयलाई विकासको प्रतिफल दिलाउन प्रयास गरिरहेको छ ।’ बृहत्तर लुम्बिनी विकास परियोजनाको सफल कार्यान्वयनमार्फत उक्त सम्भावनालाई यथार्थमा बदल्न सकिने बताउँदै उनले यस कार्यका लागि प्रस्ताव बनाउन र पहल अगाडि बढाउन लुम्बिनी विकास कोषलाई निर्देशन दिए ।

# राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना

**काठमाडौं–** सरकारले ‘राष्ट्रिय साइबर सुरक्षा केन्द्र’ स्थापना गरेको छ । ‘डिजिटल नेपाल फ्रेमवर्क, २०७६’ को आकांक्षा पूरा गर्ने उद्देश्यअनुरूप उक्त केन्द्र स्थापना गरिएको हो । सिंहदरबारस्थित पुरानो गृह मन्त्रालयमा कार्यालय रहेको केन्द्रले आफ्नो काम सुरु गरेको मन्त्रालयका उपसचिव तथा साइबर सुरक्षा शाखा प्रमुख राजकुमार महर्जनले जानकारी दिए ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत साइबर सुरक्षाको विषयमा अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्द्धन, जनचेतना अभिवृद्धि, साइबर सुरक्षासम्बन्धी तयारी, चुनौतीको पहिचान, रोकथाम, प्रतिक्रिया तथा पुनःलाभलगायत कामको सम्पर्क निकायका रूपमा कार्य गर्न तथा डिजिटल फोरेन्सिक अनुसन्धान गर्न केन्द्रको स्थापना गरिएको उनले बताए ।

गत माघ ९ गतेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो । केन्द्र सञ्चालन गर्न १२ कर्मचारीको संरचना बनेको छ । पछिल्लो समयमा विभिन्न देशमा साइबर असुरक्षा बढ्दै गएको र नेपालको सन्दर्भमा अझै बढी असुरक्षा बढ्दै गएको सन्दर्भलाई दृष्टिगत गर्दै केन्द्र स्थापना गरिएको हो ।

नेपालमा पछिल्लो समय साइबर असुरक्षा बढिरहेको सन्दर्भलाई मध्यनजर गर्दै केन्द्रको स्थापना गरिएको साइबर सुरक्षा शाखा प्रमुख महर्जनले बताए । उनका अनुसार केन्द्रले संवेदनशील सूचना पूर्वाधारको चौबीसै घण्टा अनुगमन, साइबर घटना तथा जोखिम मूल्यांकन गर्ने, आकस्मिक रूपमा आइपर्ने साइबर जोखिमलाई समाधान गर्न प्राविधिक जनशक्तिसहितको आकस्मिक सहायता समूह गठन गर्ने र आकस्मिक रूपमा आइपर्ने साइबर जोखिमलाई समाधान गर्न प्रदेश तथा स्थानीय तहले आकस्मिक सहायता समूह गठन गर्नेलगायत काम गरेको छ ।

राष्ट्रिय सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५ ले गरेको व्यवस्थाअनुसार गठन गरिएको सूचना प्रविधि आकस्मिक सहायता समूहमा आबद्ध प्रतिनिधिका लागि ‘साइबर सुरक्षा पूर्वतयारी अभ्यास’ पनि सञ्चालन गरिएको थियो ।

चालु आव २०८०/८१ को बजेट वक्तव्यमा पनि साइबर सुरक्षा केन्द्र स्थापना गर्ने उल्लेख थियो । साइबर सुरक्षा केन्द्रसम्बन्धी व्यवस्थाअनुसार साइबर सुरक्षा सेवा प्रदान गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले अनुमतिपत्र लिनुपर्ने छ । अनुमतिपत्रको किसिम, प्रत्येक अनुमतिपत्र प्राप्त गर्न आवश्यक योग्यता, अनुमतिपत्र दस्तुर, अनुमतिपत्र नवीकरण दस्तुर, अनुमतिपत्रका सर्त र सोसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनुपर्ने जनाइएको छ । *रासस*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REFRESHMENT TRADING COMPANY LLC

पूर्व स्वीकृति मिति : २०८०/०७/१९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१० LT. No. 294476 चलानी नं.६०२०९८१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 100 | 0 | 100 | ४३,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALSHALAWI LOGISTICS

पूर्व स्वीकृति मिति २०८१/०२/०९ LT. No. 305139 चलानी नं. ६०२१९८६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 15 | 0 | 1800 | ६४,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD.
श्रम इजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी :CONTINENTAL INTERNATIONAL GENERAL TRADING WLL

पूर्व स्वीकृति मिति २०७९/०५/१० पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१० LT. No. 270246 चलानी नं. ६०१८६२०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker / Preparer | 10 | 7 | 120 | ५१,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HADIQ AL ABYAD TRADING AND DECORATION

पूर्व स्वीकृति मिति २०८०/०३/०४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१० LT. No.288038 चलानी नं. ६०२०३३६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 13 | 0 | 3000 | ११०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Administrative Supervisor | 2 | 0 | 3000 | ११०,०५० | | | | | | | |
| 3 | Interview Design | 5 | 0 | 3000 | ११०,०५० | | | | | | | |
| 4 | Representative | 6 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 5 | Driver | 5 | 0 | 2000 | ७३,३६५ | | | | | | | |
| 6 | Foreman | 2 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 7 | Tile Maker | 1 | 0 | 1100 | ४०,०६५ | | | | | | | |

कम्पनी : QUICK STAR SUPERMARKET WLL.

पूर्व स्वीकृति मितिः २०८०/०२/१५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१० LT. No. 286632 चलानी नं : ६०२०२१३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 0 | 1 | 2500 | ९१,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Executive Sales | 0 | 1 | 3500 | १२७,४७५ | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 2500 | ९१,७१० | | | | | | | |
| 4 | Sales Manager | 0 | 1 | 4500 | १६३,९०० | | | | | | | |
| 5 | Purchase Rep | 0 | 1 | 3500 | १२७,४७५ | | | | | | | |
| 6 | Sales Employee | 0 | 1 | 1500 | ५४,६३५ | | | | | | | |
| 7 | Busin Executive | 0 | 1 | 4000 | १४५,६९० | | | | | | | |
| 8 | Gen Clean Worker | 0 | 1 | 1100 | ४०,०६५ | | | | | | | |

कम्पनी : SADKA TRADING AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/१०/२१ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१० LT. No.299362 चलानी नं६०२१४३३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 2 | 0 | 3000 | ११०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 2000 | ७३,३६५ | | | | | | | |
| 3 | Electric | 9 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 4 | Electrician Gen | 2 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 5 | Foreman | 2 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 6 | General Supervisior | 1 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 7 | Labour | 3 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 8 | Marketing Represent | 2 | 0 | 3000 | ११०,०५० | | | | | | | |
| 9 | Mason | 4 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 10 | Pipe Fitter | 2 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 11 | Plumber | 9 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 12 | Reinforce Fitter | 1 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 13 | Representative | 2 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 14 | Supervisior | 1 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 15 | Technician | 1 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 16 | Tile Maker | 2 | 0 | 1200 | ४४,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### प्रधानमन्त्रीज्यू यही हो कीर्तिमानी सुशासन ?

वर्तमान सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल अचेल हरेक भाषणमा भन्छन् – यो पाला सुशासनमा कीर्तिमान कायम भयो । देशको अर्थतन्त्रमा धेरै सुधार आयो । तर बादशाहको नयाँ लुगाको कथा झैं प्रधानमन्त्री दाहालले आसेपासेको रिपोर्ट सुन्दै यस्तो भाषण छाँटेको प्रष्ट हुन्छ । अहिले सहकारीको रकम दुरूपयोगको विषय जटिल बन्दै गएको छ । सरकारकै अक्षमताका कारण यो विषय जटिल बन्दै आएको हो । एकातर्फ सरकारले सहकारीलाई पेल्दै जाने अर्कोतर्फ यसमा सर्वसाधारणको फसेको रकम नउठ्ने । यही कारणले अहिले सदनभन्दा सहकारी बन्धक बनेको अवस्था छ ।

अहिले सरकारको हचुवा नीतिका कारण घरजग्गा व्यवसाय ठप्प छ । सहकारी तथा वित्तिय संस्थाको रकम घरजग्गामा फसेको छ । सोही कारण सहकारीको रकम फर्किन नपाउँदा सर्वसाधारण समस्यामा परेका छन् । उनीहरूले चाहेको बेला आफैले बचत गरेको रकम पाउन सकेका छैनन् । सरकारको कमजोर आर्थिक नीतिका कारण अहिले सहकारीहरू क्रमश समस्यग्रस्त बन्न थालेका छन् । यो विषय वार कि पार गर्न सरकारले उच्चस्तरीय संसदीय समिति बनाएर मात्र हुन्न । सहकारीको रकम अपचलन गरेकाहरूलाई नामै कीटेर कारबाही गर्नुपर्छ ।

कानुनी प्रक्रिया मिलाएर रकम लिनेहरूको कानुनी प्रक्रियाअनुसार नै कारबाही गर्नुपर्छ । तर कीर्ते जालसाजी गरेर रकम लिएकाहरूलाई कडाभन्दा कडा कारबाही गर्नुपर्छ । अहिले राप्रपाकी सांसद गीता बस्नेत यस्तै प्रकरणमा छिन् । सरकारले पक्राउ पूर्जी जारी गरेपछि बस्नेत फरार छिन् । तर सरकारकै उपप्रधान तथा गृहमन्त्री भने ढुक्कका साथ सरकारमा छन् । सबैलाई जगजाहेर भइसकेको विषय हो, गोर्खा मिडिया सञ्चालनका लागि गृहमन्त्री लामिछानेले ऋण लिएका छन् । त्यतिमात्र हैन उनी गोर्खा मिडियाको सञ्चालक पनि भएका हुन् । यो मिडियाले सर्वसाधारणको करोडौं ऋण अपचलन गरेको छ । यो मिडियाका मुख्य सञ्चालक जीबी राई फरार छन् भने अर्का सञ्चालक सरकारमा छन् ।

सहकारीको रकम अपचलनमा प्रष्ट संलग्न रहेको देखिँदा पनि लामिछानेले आफू चोखो रहेको दाबी गर्दै आएका छन् । लामिछानेले आफू कुनै हालतमा दोषी नरहेको दाबीमात्र गरेनन्, नेपाली मिडियामाथि पटकपटक रोष प्रकट पोख्दै आएका छन् । गृहमन्त्री लामिछानेले आफ्नो गल्ती छोप्न चौतर्फी विषवमन गरिरहेका छन् ।

यस प्रकारले गृहमन्त्री अघि बढ्दा प्रधानमन्त्री पुष्पकमल दाहाल र सत्तासहयात्री दल नेकपा एमालेका अध्यक्ष केपी ओली पनि उनकै बचाउमा लागेका छन् । सुशासनमा सुधार हुँदै आएको दाबी गर्दै आएका प्रधानमन्त्री दाहालका लागि गृहमन्त्रीको यो प्रकरण लज्जाको विषय हो ।सरकार जोगाउन प्रधानमन्त्री दाहालले यस किसिमको लाजमर्दो चरण कतिसम्म पार गर्ने हो ? के यही हो प्रधानमन्त्रीज्यू तपाईंको सुशासन ?

# हेतुवादी महाश्रमण हुन् बुद्ध


■ राजु शाक्य

“
जबसम्म पञ्चस्कन्धरूपी शरीर रहन्छ, दुःख हट्दैन । बुद्धले दुःख निरोधको मार्ग आर्य अष्टांगिक मार्ग हो भनेर बताएका छन् । ती हुन्– सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वाचा, सम्यक कर्मान्त, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि । यसलाई अर्को शब्दमा मध्यममार्ग पनि भनिन्छ । बुद्धद्वारा प्रतिपादित यिनै मध्यममार्गको चिन्तन मनन् गरी संसारको दलदलबाट मुक्त हुन प्रण गरौं ।

इसापूर्व ५६३ वर्षअघि नेपालको लुम्बिनी उपवनमा भगवान् बुद्धको जन्म भएको हो । बुद्धलाई विश्वभरका मानिसहरू शान्ति र अहिंसाका नायकका रूपमा स्मरण गर्दछन् । वैरले वैरभाव शान्त हुँदैन अवैरभावले मात्रै वैरभाव शान्त हुन्छ भनेर त्यो बेलाको समाजलाई बुद्धले जुन शाश्वत शान्ति सन्देश दिए त्यसलाई अर्ती र उपदेशमा मात्रै सीमित नराखी उनले जीवनपर्यन्त व्यवहारमा लागू गरेर देखाइदिए ।

उनले २९ वर्षको युवावस्थामा दरबारको सुखसयललाई तिलाञ्जलि दिए । श्रीमती र भर्खर जन्मेको छोरो त्यागिदिए । वर्षौंसम्मको कठोर साधनापछि अन्ततः उनमा ज्ञानचक्षु उदय भयो । जुन वैशाख पूर्णिमाका दिन थियो । सबै नै नासिएर जाने यो संसार अनित्य रहेछ, नश्वर रहेछ, क्षणभंगुर रहेछ, आफ्नो वंशमा नभएको यो संसार दुःखदायी रहेछ र त्यसकारण आत्मा नामको स्थिर तथा शाश्वत कुनै चीज पनि हुँदो रहेनछ । उनलाई यही अनित्य, दुःख र अनात्म ज्ञानको बोध भयो । संक्षिप्तमा भन्नुपर्दा यही नै बुद्धले साक्षात्कार गरेको सत्य हो ।

तत्कालीन रुढिग्रस्त समाजलाई उनले यही ज्ञान बाँड्दै हिंडे । सामाजिक विसंगतिहरू विरुद्ध विगुल फुक्दै बहुजन हित र बहुजन सुखका लागि आफ्नो सम्पूर्ण जीवन समर्पण गरे । कसैको शरणमा नगएर आफ्नो दीप आफैं बन्नू भन्ने बुद्धले असंख्य मानिसलाई जीवन मुक्तिको मार्ग देखाउँदै हिंडे । अन्ततः वैशाख पूर्णिमाकै दिन अनित्य स्वभावको आफ्नो नश्वर देहलाई त्यागेर उनी परिनिर्वाण भए । गौतम बुद्धको जन्म, बोधिज्ञान लाभ र परिनिर्वाणका त्रि-संयोग घटित वैशाख पूर्णिमाको दिनलाई यसकारण समस्त बौद्धजन पवित्रतम् मान्दछन् ।

लुम्बिनीले विश्व शान्तिको मुहानको रूपमा आफ्नो पहिचान स्थापित गरेको छ । सम्राट अशोकले आफ्नो राज्याभिषेकको बीसौं वर्षमा यस क्षेत्रको भ्रमण गरे र त्यसको संस्मरणका लागि बुद्ध जन्मेको यस गाउँलाई करमुक्त गरिदिएँ भनेर शीलास्तम्भ गाडे । यही शीलास्तम्भका कारण रुम्मिनदेइ वा लुम्बिनीको पहिचान सम्भव भयो । विश्वभरका बौद्ध अनुयायीहरूका लागि सदियौंसम्म पृथ्वीको गर्भमा दबिएर बसेको यस पवित्र भूमिमा श्रद्धा र आस्था पोख्ने अवसर मिल्यो । कपिलवस्तु जिल्लाको निग्लीहवा र गोटिहवामा पनि अशोक स्तम्भहरू ठडयाइएका छन् । यी ठाउँहरू क्रमशः कोणागमन र क्रकुछन्द बुद्धका जन्मस्थलहरू भएको विश्वास गरिन्छ । बौद्धजन समयक्रममा यस धर्तीमा बुद्धहरू उत्पन्न भइरहन्छन् भन्ने मान्यता राख्दछन् । पछिल्ला सात बुद्ध (सप्त तथागत) मध्ये तीन बुद्धको जन्म नेपालकै सरहदभित्र भएका प्रमाण यी स्तम्भहरूले दिइरहेका छन् । त्यसकारण शाक्यमुनि बुद्धले २६०० वर्षअघि जुन धर्मको चक्र घुमाए त्यो नौलो प्रतिपादन नभएर समूल विलुप्त भइसकेकै सनातन धर्मकै प्रवर्तन थियो । धर्मचक्र प्रवर्तन भनेर भनिएको कारण यही हो । एसियाकै ज्योति भनेर उपमा दिइए पनि उनी विश्वकै ज्योतिको रूपमा स्थापित छन् । उनी कोही कसैद्वारा खटाइएका दूत वा अग्रदूत हैनन्, सृष्टिकर्ता वा ईश्वर पनि हैनन् । अनिश्वरवादी र अनात्मवादी बुद्धद्वारा देशित जुन धर्मस्कन्ध छन्, ती अन्य कुनै पनि धर्मका हाँगा वा शाखा हैनन् ।

बुद्धले ४५ वर्षसम्म गाउँगाउँ जनपद जनपद घुम्दै दुई कुरा सिकाउँदै हिंडे- दुःख र दुःखबाट मुक्ति । राजदरबारको सुखसयलमा हुर्के बढेका सिद्धार्थ राजकुमारलाई दुःख कष्ट भोग्न परोइन । घुम्न निस्किँदा उनले चाउरिएको कुप्रो वृद्ध, रोगी र मरेको मान्छे देखे, सम्पूर्ण प्राणीलाई जीर्णता, शारीरिक व्याधी र मृत्युले छोड्दो रहेनछ भन्ने संवेग उनमा ती क्षणहरूमा उत्पन्न भयो । त्यसको ठीक उल्टो संवेग उत्पन्न भयो जब उनले एक उन्मुक्त यायावरलाई देखे । यिनै संवेगले उनलाई राजगद्दी त्यागेर ज्ञानको खोजीमा एक्लै हिंड्न प्रेरित गर्‍यो ।

गुरुहरूको दैलो चहार्दै त्यसबेलाका परम्परा र वादहरू सिक्दै पछ्याउँदै गए, उनलाई त्यसबाट सन्तुष्टि मिलेन, ती पूर्ण महसुस भएनन् । एक्लै अघि बढ्ने प्रयासमा उनी आहार त्यागेर कठोर तपस्यामा लीन भए । शरीर दुर्बल र क्षीण भयो तर, ज्ञानोदय भएन । फेरि भोजन ग्रहण गर्न थाले । उनको बदलिएको व्यवहार देखेर उनलाई विश्वास गरेर पछ्याइरहेका अनुयायीहरू ‘सिद्धार्थ पथभ्रष्ट भए’ भनेर एकातिर लागे तर, उनी आफ्नो मार्गबाट विचलित भएनन् । एक रात उनले पृथ्वीलाई साक्षी राखेर बोधिवृक्षमुनि पलेटी कसेर अधिष्ठान लिए र संसारको स्वभाव धर्मलाई निरन्तर नियाल्दै बसे । अन्ततः उनलाई बोधिज्ञान लाभ भयो, त्यो वैशाख पूर्णिमाकै दिन थियो । बोधिज्ञान लाभ भएपछिको उनको पहिलो उद्गार यस्तो थियो- ‘यस भव संसारमा बारम्बार जन्म लिएँ । पञ्चस्कन्धरूपी यो घर (शरीर) बनाउने तृष्णा भेट्टाउन नसकेर यो संसारको चक्कर काटिरहेँ । अब मैले त्यसलाई भेट्टाइसकेँ । त्यस्तो घर बनाउने सबै ज्यावल भाँचिदिई सकें, छानो भत्काइदिएँ । हे गृहकारक ! अब फेरि घर बनाउन सक्ने छैनौं । तृष्णा समूल नष्ट भइसक्यो । म मुक्त भइसकेँ ।’

उनले त्यसपछिका सात हप्ता यिनै ज्ञानको चिन्तन मननमा प्रीति अनुभव गर्दै व्यतीत गरे । यो गम्भीर धर्म जनसाधारणलाई बुझ्न अत्यन्त कठिन हुने कुरा थाहा पाए र कसैलाई नबताउनु नै श्रेयष्कर हुने निष्कर्षमा पुगे । तर, कोही देवताले आएर उनीसँग अनुनय गरे कि यस संसारमा त्यस धर्मलाई सूक्ष्मातिसूक्ष्म ढंगले अवबोध गर्न सक्ने तीक्ष्ण बुद्धि भएका मानवहरू पनि विद्यमान छन्, उनीहरूकै खातिर भए पनि यो धर्मलाई प्रकाश पारिदिनुपर्छ । त्यस आग्रहप्रति उनी सहमत भए र सर्वप्रथम आफ्ना तिनै पुराना पाँच अनुयायीहरूलाई बताउने निधो गरेर सारनाथ प्रस्थान गरे । त्यहाँ उनले धर्मचक्र प्रवर्तन सूत्र र त्रिलक्षण सूत्र देशना गरे । ती अनुयायीहरूले त्यस गम्भीर धर्मोपदेशलाई एक-एक गर्दै क्रमशः बुझ्न थाले र उनीहरूमा ज्ञानचक्षु उदय भयो ।

यी सूत्रहरूको देशनाअघि उनले आफ्ना अनुयायीहरूलाई दुई अतिवादलाई त्याग्न उपदेश दिए । पञ्चकाममा लिप्त भएर जीवन व्यतीत नगर्न र दुःखबाट मुक्ति पाइन्छ भनेर शरीरलाई कष्ट हुने नानाथरीका व्रत उपासनाहरूमा नलाग्न दिएका उपदेश नै मानव जातिलाई उनले दिएको पहिलो सन्देश थियो । दुई अतिवादलाई त्याग्नुपर्ने यो नै उनको मध्यममार्ग थियो । नखाएरै तपस्यामा लीन हुँदा त ज्ञान पाउन सकेनन् भने हृष्टपुष्ट शरीर बनाएर कहाँ ज्ञान पाउन सकिन्छ र ? भनेर तिनै पाँच अनुयायीले अविश्वास गरी पटक-पटक शंका उठाएपछि बुद्धले यो उपदेश दिएका थिए ।

तत्पश्चात् संसारका प्राणीहरूमाथि अनुकम्पा राखी बहुजन हित र सुखका लागि यी उपदेश बाँड्दै हिंड्न बुद्धले आफ्ना ती पाँच शिष्यलाई आज्ञा गरे । त्यही आज्ञा शिरोपर गर्दै पञ्चवर्गीय भिक्षुगण गाउँगाउँ चारिका गर्न थाले । त्यसमध्येका एक भिक्षु अस्सजित बिहान भिक्षाटनका लागि बाटामा जाँदै थिए । उनको संयमपूर्ण हिँडाइ र चञ्चलतारहित आँखा देखेर एक जिज्ञासु बटुवाले आफूलाई थाम्न सकेनन् र ती भिक्षुको सामुन्ने पुगेर प्रश्न राखे- तपाईंका गुरु को छन् ?

प्रत्युत्तरमा ती भिक्षुले भने, ‘हेतुबाट उत्पन्न हुने जति पनि धर्म (विषय) हरू छन् ती सबैका कारण र त्यसको निरोध पनि उहाँ बताउनुहुन्छ । यस्ता हेतुवादी महाश्रमण मेरा गुरु हुनुहुन्छ ।’ वर्षौंदेखि सद्मार्गको खोजीमा भौतारिरहेका त्यस व्यक्तिमा यस जवाफबाट थप उत्सुकता जाग्यो र कुनै विलम्ब नगरी आफ्ना मिल्ने साथीलाई लिएर बुद्धका सामु पुगे । उनीहरू बुद्धशासनमा दीक्षित भए । पछि यी दुवै ब्राह्मण सारिपुत्र र मौगल्यायनको नामले प्रख्यात भए ।

भगवान् बुद्धले आफ्ना सम्पूर्ण उपदेशलाई दुई कुरामा केन्द्रित गरेका छन्- दुःख र दुःखबाट मुक्ति । सारा सत्व प्राणीहरू सांसारिक दुःखको भुमरीमा फसेर बसेका छन्, भवको चक्कर काटिरहेका छन् । क्लेश र उपक्लेशको आवरणबाट ढाकिएर उनीहरू दिग्भ्रमित भइबसेका छन्, सत्य देख्न सकेका छैनन् । क्षणिक सुखमा भुलेर दुःखदायी अनित्य संसारको स्वभाव जान्न र बुझ्न नसकेर पद, पैसा, प्रतिष्ठा र आरामदायी जिन्दगीको मृगतृष्णामै रुमलिरहेका छन् । किनारा भेट्टाउन नसकी समुद्रमा गोता लगाइरहेका छन् । अज्ञानता वा अविद्याका कारण बुँख्याचालाई साँच्चैको मानव ठानेर बसेका छन् । उनीहरू जानी नजानी काय, वाक् र चित्तले अपराध कर्महरू (त्रिविध संस्कार) गरिरहेका छन् जुन कर्मसंस्कारहरू भावी जन्म वा भवका लागि हेतु हुन् । नास्पतिको बीउ रोपेर नास्पति नै फल्ने हो, स्याउ फल्ने होइन । यही हेतुलाई जरैबाट निमोठ्ने कार्यकारणमा आधारित १२ अंगयुक्त ‘प्रतीत्य समुत्पादनको सिद्धान्त’लाई भगवान् बुद्धले अघि सारेका हुन् ।

जन्म मरणको चक्र वा भवमा घुमिरहनु पर्नाका कारण अविद्या हो । अविद्याले मूढ भएको व्यक्ति सही/गलत वा कुशल/अकुशल कर्म छुट्ट्याउन असमर्थ हुन्छ । चतुरार्य सत्यको ज्ञान नहुनु, संसारको यथार्थ स्वभावलाई नबुझेर तृष्णामा लिप्त भई बस्नु अविद्या हो । अविद्याका कारण संस्कार उत्पन्न हुन्छ, मानिस आफ्नै कर्मका कारण कुशल वा अकुशल संस्कार संग्रह गर्न पुग्छन् । संस्कारबाट विज्ञान उत्पन्न हुन्छ । प्रिय/अप्रिय भेद गरी खासखास चित्तवृत्तिको विकास गर्छ, चित्तलाई रञ्जित पार्छ । विज्ञानबाट नामरूप, नामरूपबाट षडायतन, षडायतनबाट स्पर्श, स्पर्शबाट वेदना, वेदनाबाट तृष्णा, तृष्णाबाट उपादान, उपादानबाट भव, भवबाट जाति र जातिका कारण जरामरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायासादि उत्पन्न हुन्छन् ।

यस पञ्चस्कन्धरूपी शरीरलाई हरेक मानवले साँच्चैको ‘म’ र ‘मेरो’ भनेर बलियोसँग पक्डेर बसेको छ । यो मिथ्यादृष्टि हो । म भन्ने कुनै प्राणी छैन, आत्मा छैन, सृष्टिकर्ता वा ईश्वर छैन । जे छ क्षणक्षणमा परिवर्तन भइरहने अनित्य स्वभाव धर्म मात्र छ । आफ्नो नियन्त्रणमा नरहेको व्याधादि पीडालाई रोक्न नसक्ने यो परिवर्तनशील शरीरले कर्म, चित्त, ऋतु र आहारको आश्रय पाइरहेको हुन्छ । मानिसलाई जीवित बनाइराख्ने हेतु यिनै हुन् । कुनै पनि वस्तुको स्वतन्त्र अस्तित्व छैन, सबै नै परतन्त्र स्वभावका हुन् । ‘अस्मिन् सति इदं भवति’ अर्थात् यो भएमा त्यो हुन्छ । हेतुप्रत्ययका कारण निरन्तर बदलिरहने जुन स्वभाव धर्म छ त्यो अनित्यता हो, त्यो नै शून्यता हो । रित्तो, खाली जनाउने त्यो शून्यता हैन । यसरी बौद्धहरू प्रतीत्य समुत्पादको अर्को पाटा शून्यता हो भनेर बुझ्ने गर्छन् ।

जबसम्म पञ्चस्कन्धरूपी शरीर रहन्छ, दुःख हट्दैन । बुद्धले दुःख निरोधको मार्ग आर्य अष्टांगिक मार्ग हो भनेर बताएका छन् । ती हुन्- सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वाचा, सम्यक कर्मान्त, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि । यसलाई अर्को शब्दमा मध्यममार्ग पनि भनिन्छ । बुद्धद्वारा प्रतिपादित यिनै मध्यममार्गको चिन्तन मनन् गरी संसारको दलदलबाट मुक्त हुन प्रण गरौं । *रासस*

## मननयोग्य

### विदुर नीति

विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्त्वहरूको विवेचना गरिएको छ । साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ । सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ ।

‘धर्मको गति बुझिनसक्नु छ’ ‘र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्त्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो । शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् ।

## पत्र-मञ्जुषा

### पीडितको पक्षमा बोल्न नपाउने कस्तो गणतन्त्र ?

सरकार जनताको अभिभावक हो । देशको भूमि र जनताको जीउज्यान वा धनसम्पत्तिको संरक्षण तथा रक्षा गर्नु सरकारको प्रमुख दायित्व हो । जनतालाई शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका सेवासुविधाको सुनिश्चिता पनि सरकारले नै गर्नुपर्छ । अहिले गरिबी, बेरोजगारी, पारिवारिक अवस्था जस्ताका कारण आत्महत्या गर्नेहरू बढिरहेका छन् ।

खान नपाएर, ऋण तिर्न नसकेर, कोठा भाडा तिर्न नसकेर, सहकारी, लघुवित्त तथा वित्तीय संस्थाले आफ्नो बचत खाइदिएपछि आत्महत्या गर्नेको संख्या ह्वात्तै बढेको छ । जनताको अवस्था के छ ? भनेर देश चलाउने प्रधानमन्त्रीले अध्ययन गरिरहनुपर्छ । यद्यपि, प्रधानमन्त्री पुष्पकमल दाहालको यसप्रति ध्यान गएको देखिँदैन ।

उनी न जनता कसरी आत्महत्या गर्नुपर्ने अवस्थामा पुगे ? भनेर अध्ययन गर्छन् न त छिमेकीले मिचेको नेपालको भूमि नै फिर्ता ल्याउँछन् । तीन वर्षअघि घरजग्गा, गाडी र सेयर दलालीहरूले सीधासाधी सर्वसाधारणलाई विभिन्न प्रलोभनमा पारेर फसाए । बैंकले १०० रूपैयाँमा निष्काशन गरेको सेयर दलालीहरूले ३५ सयदेखि पाँच हजारमा बेचे ।

आनाको पाँच हजार नपर्ने खेतीयोग्य जमिन खण्डीकरण गरेर दलालीहरूले आनाकै लाखौंमा बेचबिखन गरे । भारतमा एक लाखमा पाइने सवारीसाधन यहाँ भित्र्याएर लाखौंमा खरिदबिक्री गरियो । दलालीहरूले सर्वसाधारणलाई बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन लगाएर यस्ता क्षेत्रमा लगानी गर्न लगाए । सर्वसाधारणले आँखा चिम्लेर बैंकबाट ऋण लिए ।

अनि सुरु भयो बैंकको लुटधन्दा । १८ प्रतिशत ब्याज भनेर बैंकले ऋणीसँग ४८ प्रतिशतसम्म उठायो । तीन किस्ता तिर्न नसक्नेबित्तिकै करोडौंको धितो लाखौंमा पचाइदियो । यता, सहकारीले बचतकर्ताहरूको बिजोक बनाइदियो । सर्वसाधारणलाई बढी ब्याजको प्रलोभन देखाएर सहकारीहरूले रकम जम्मा गर्न लगाए । बूढाबूढीहरूलाई लौरो उपहारदेखि बचतकर्ताको जन्मदिनमा घरमै केक पुऱ्याइदिनेसमेत गरे ।

सोझासाझी बचतकर्ताहरूले राम्रै त होला नि भनेर आफ्नो घरजग्गा बेचेर, पुर्ख्यौली सम्पत्ति बेचेर, विदेशमा कमाएको वा जीवनभर कमाएको रकम समेत सहकारीमा राखे । तर, सहकारीहरू रातारात भागे । अहिले बचतकर्ताहरू बिचल्लीमा परेका छन् । घरपिच्छे सहकारीपीडित भेटिन्छन् । घरपिच्छे रुवाबासी चलिरहेको छ ।

जनता लुट्नेहरूलाई पक्रनुपर्नेमा उल्टो सरकारले पीडित जनताको हितमा कलम चलाउने कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई समात्यो । २०५२ फागुन १ गते प्रचण्डले जनयुद्ध सुरु गरेका थिए । १७ हजार नेपाली जनता सहिद हुन पुगे । त्यसपछि देशबाट राजतन्त्र हट्यो । राजा दरबार छोडेर नागार्जुन जानुपर्‍यो । देशमा लोकतन्त्र गणतन्त्र आयो । अब सरकारले बेलैमा बृद्धि नपुऱ्याए करोडौं जनता सडकमा उत्रिने छन् । त्यतिबेला सरकार के गर्छ ? हिजो जनआन्दोलनका कारण राजाले त दरबार छोड्नुपर्‍यो भने प्रधानमन्त्री, राष्ट्रपति त को हुन् र ?

बैंक, वित्तीय संस्थाले एक-दुईको मात्र उठीबास लगाएका छैनन् । करोडौं जनतालाई सडकछाप बनाएका छन् । बैंक, वित्तीय संस्थाकै कारण सर्वसाधारण आत्महत्या गर्नुपर्ने अवस्थामा पुगेका छन् । कतिपयले त आत्महत्या पनि गरिसकेका छन् । अनि यिनीहरूको विरोधमा बोल्न पनि नपाउने ? यो यस्तो लोकतन्त्र, गणतन्त्र हो ? सञ्चारकर्मीहरूले सर्वसाधारणको आँखा खोलिदिएका छन् । तर, त्यही सञ्चारकर्मीलाई थुन्न मिल्छ ? अब सरकारले उचित कदम नचाले बैंक, वित्तीय संस्थाका पीडितसँगै देशभरका जनता सडकमा उत्रिने छन् । जनताभन्दा ठूलो कोही छैन । त्यसैले, अब सरकारले बेलैमा सोच्न आवश्यक छ । हिजो जनताकै कारण मुलुकबाट राजतन्त्र हटेको कुरा प्रधानमन्त्रीले बुझ्न जरुरी छ । जनताको शक्तिलाई अवमूल्यन गर्ने दुस्साहस नगरियोस् ।

**– रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरुले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

कालीगण्डकी करिडोर

# बलेवा-हर्मिचौर खण्डमा ५० प्रतिशत प्रगति



**गलकोट (बागलुङ)**– कालीगण्डकी करिडोरको बलेवा-हर्मिचौर खण्डमा कालोपत्रका लागि पूर्वाधार निर्माण अन्तिम चरणमा पुगेको छ । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोरको बलेवा-हर्मिचौर खण्डको ४४ किलोमिटर सडकमा भौतिक प्रगति ५० प्रतिशत पुगेको छ ।

उत्तर दक्षिण जोड्ने कालीगण्डकी करिडोरको बलेवा-हर्मिचौर खण्डको ४४ किलोमिटरमा कालोपत्रको पूर्वाधार निर्माण अन्तिम चरणमा पुगेको छ भने मालढुंगा-बलेवाखण्डको १० किलोमिटर सडकमा पूर्वाधारको कामले तीव्रता पाएको हो । बागलुङ खण्डको ५४ किलोमिटर सडकमा कालोपत्रका लागि आवश्यक पूर्वाधार जस्तै सडक चौडा पार्ने, मेसिनरी पर्खाल, कर्ल्भट र ग्याबिन जालीलगायतका पूर्वाधार निर्माण अन्तिम चरणमा पुगेका छन् भने बेस बिच्छ्याउने कार्यले तीव्रता पाएको कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पाका सूचना अधिकारी अरुण खत्रीले बताए ।

दुई खण्डमध्ये बलेवा-हर्मिचौर खण्डमा ५० प्रतिशत भौतिक प्रगति र ३६ प्रतिशत वित्तीय प्रगति भएको खत्रीको भनाइ छ । 'भुक्तानी दिनसकेमा चालु आर्थिक वर्षमै बलेवा-हर्मिचौर खण्ड कालोपत्र भइसक्ने थियो, प्रगतिअनुसार रकम भुक्तानी गर्न नसक्दा कालोपत्रमा ढिलाइ भएको छ, तर निर्माण कामले तीव्रता पाएको छ, प्रगतिको १४ प्रतिशत रकम भुक्तानी गर्न सकेका छैनौं,' खत्रीले भने, 'आर्थिक वर्ष २०८२/८३ मा सक्नुपर्ने ठेक्का हो, यही प्रगति भएमा आगामी आर्थिक वर्षमा कालोपत्र सकिन्छ ।'

सुरुबाटै बलेवा-हर्मिचौर खण्डमा तीव्रगतिमा काम भए पनि बलेवा-मालढुंगा खण्डको १० किलोमिटर सडकमा काम सुस्त थियो । पछिल्लो समय कामले गति दिन थालेको जैमिनीका नगर उपप्रमुख हरिहर शर्माले बताए । निर्माण व्यवसायीलाई आर्थिक दायित्व भुक्तानी गर्न नसक्दा निर्माण व्यवसायीले भनेजस्तो काममा तीव्रता पाउन नसकेको उनको भनाइ छ ।

बलेवादेखि हर्मिचौर खण्डमा मात्रै सयौंको संख्यामा मजदुर र स्काभेटरलगायतका आधुनिक औजार प्रयोगले सडक निर्माणले परिणाम लिएको शर्माको भनाइ छ । करिडोरले जैमिनीसहित सिंगो बागलुङलाई फाइदा पुग्ने शर्माले जानकारी दिए । विभिन्न ठाउँमा पर्खाल लगाउने, नाली बनाउने, सडक चौडा बनाउने कार्य अन्तिम चरणमा पुगेको छ ।

मालढुंगा-बलेवा खण्डको कामको जिम्मेवारी खड्का-कृष्ण बिएन जेभीले लिएको छ । १० किलोमिटर दूरी रहेको यो खण्डका लागि ५५ करोड रूपैयाँमा निर्माण कम्पनीले ठेक्का लिएको हो । सम्झौताअनुसार दुई वर्षमा मालढुंगा-बलेवा खण्ड कालोपत्र गरिसक्नुपर्ने छ ।

यस्तै बलेवा विमानस्थलबाट हर्मिचौरसम्मको सडकखण्ड कालोपत्रका लागि कालिका कन्स्ट्रक्सनले जिम्मेवारी लिएको छ । तीन अर्ब ३० करोड रूपैयाँ लागतमा तीन वर्षभित्र काम सक्नेगरी ठेक्का सम्झौता भएको छ । करिडोरमा विभिन्न स्थानमा गरी १४८ घाट छन् । कालीगण्डकीमा मात्र पाइने शालिग्राम दर्शनका लागिसमेत धार्मिक पर्यटक आउनसक्ने सम्भावना उत्तिकै छ । कालीगण्डकी करिडोर (गैँडाकोट-राम्दी-मालढुंगा) सडक आयोजना कार्यालय पाल्पाले बागलुङको मालढुंगाबाट गुल्मीको हर्मिचौरसम्मको ५४ किलोमिटर सडक एकैपटक कालोपत्र सम्पन्न गर्नेगरी काम भइरहेको छ ।

करिडोर नेपालको आर्थिक, सामाजिक विकासको मेरुदण्ड हुने ठानिएको छ । करिडोर कूल ४३५ किलोमिटर लम्बाइ रहेको छ। कालीगण्डकी करिडोरअन्तर्गत कालोपत्र हुन लागेका दुई खण्ड हुँदै गुल्मी र बागलुङ जिल्लाका विभिन्न स्थानबाट बुटवल, बागलुङ, पोखरासम्म नियमित यातायात सञ्चालन गर्न सहज हुने छ । करिडोर निर्माणपछि छिमेकी राष्ट्र चीन र भारतबीचमा आर्थिक, सामाजिक, सांस्कृतिक सम्बन्धलाई सुदृढ बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ । नेपालको उत्तरी सीमा चीनको कोरला र दक्षिणी सीमा भारतको सुनौली जोड्ने सबैभन्दा छोटो मार्गका रूपमा कालीगण्डकी करिडोरलाई लिइएको छ । *रासस*

# सदरमुकाममा नै छैन पक्की पुल



**मनाङ**– विकट जिल्ला मनाङको सदरमुकाम चामेमा पक्की पुल नहुँदा आवागमनका लागि काठको पुल निर्माण गरिएको छ । जिल्लाको मुख्य केन्द्र मानिएको चामेमा आवतजावत सहज बनाउने उद्देश्यले चामे गाउँपालिका र स्थानीय युवाको सहयोगमा काठेपुल निर्माण गरिएको हो ।

सडक बिस्तारको काम भइरहेको अवस्थामा चामेका चार ठाउँमा काठेपुल निर्माण गरी सञ्चालन भइरहेका छन् । दीर्घकालीन हुनेगरी पक्की पुल नहुँदा वर्षा लाग्ने समयमा अझ जोखिम बढ्ने स्थानीय बताउँछन् । चामे-१ तिमाङस्थित तिमाङखोलामा, चामे-२ स्थित स्यार्कुखोला, चामे-४ स्थित दुईवटा घट्टेखोलामा काठेपुलले मात्रै आवतजावत गर्न सकिन्छ ।

चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले बेसीसहर चामे सडक आयोजनासँग पटक-पटक समन्वय गर्दा पनि दीर्घकालीन रूपमा पक्की पुल निर्माण हुन नसकिएको बताए । उनले भने, 'वर्षा लाग्न थालेको छ, यससँगै काठका पुल बाढीले बगाउँछ, आवतजावत नै रोकिने समस्या फेरि दोहोरिने छ । एउटा काठेपुल निर्माणका लागि बर्सेनि पाँच-सात लाख रूपैयाँ लाग्छ, अन्य ठाउँमा उपयोग हुने बजेट काठेपुललाई छुटयाउन बाध्य छौं ।'

आयमूलक क्षेत्रमा लगानी गर्नुको सट्टा काठेपुल निर्माणमा खर्चनुपर्ने बाध्यता रहेको अध्यक्ष घलेले बताए । सडक निर्माण आयोजना, संघीय तथा प्रदेश सरकारसँग छलफल गर्दा पनि यहाँ पुल निर्माण गर्न नसक्दा आमनागरिकको गुनासो पूरा गर्न नसकिएको उनको भनाइ छ । मनाङ पर्यटकीय क्षेत्र भएकाले मेरुदण्डको रूपमा रहेको यस सडकमा काठेपुलमात्र हुँदा सवारीसाधन तथा स्थानीयलाई आवतजावतमा समस्या हुँदै आएको छ । जिल्लाको मुख्य सडकमा मात्र नौवटा काठेपुलको यात्रा गरेर माथिल्लो मनाङका तिलिचो ताल, थोराङ्ला भञ्ज्याङ पार गर्नुपर्ने बाध्यता रहेको स्थनीय बताउँछन् । बाढी आउँदा झनै सास्ती हुने गरेको उनीहरूको भनाइ छ ।

प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले सडक आयोजनासँग पुल निर्माणको विषयमा छलफल भइरहेको बताए। पर्यटकीय क्षेत्रमा नै पुलको अभाव हुँदा हुने जोखिमलाई मध्यनजर गरी पुल निर्माणलाई प्राथमिकतामा राख्न आग्रह गरिएको उनले बताए ।

प्रजिअ लामिछानेले भने, 'सधैं काठेपुल सञ्चालन गर्न सम्भव छैन, हामीले सडक आयोजना कार्यलयसँग बोलाएर छलफल गर्यौं, तर काम भएको देखिँदैन । काठेपुल पनि जीर्ण हुँदै गएका छन्, केही ठाउँमा धान्न नसक्ने भएपछि खोलाबाट नै तर्नुपर्ने अवस्था आएको छ ।' पक्की पुल नहुँदा काठेपुलको यात्रा जोखिम बन्दै गएकाले सरकारको ध्यान पुग्नुपर्नेमा उनले जोड दिए ।

जिल्लाका काठेपुल हटाउने गरी पक्की पुल निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)का लागि सम्झौता भएको डुम्रे-बेसीसहर-चामे आयोजना कार्यालयका सबइन्जिनियर सुमन अधिकारीले जानकारी दिए। 'डिपिआर गर्नका लागि मात्रै सम्झौता भएको छ। बजेट अभावमा अझै उस्तै छ,' उनले भने ।

अधिकारीका अनुसार यस सडकखण्डअन्तर्गत १५ वटा पुल निर्माणका लागि डिपिआर भएको र बजेट प्राप्त भएपछि बोलपत्र आह्वान गरी काम हुने छ । बोलपत्र आह्वान हुनासाथ निर्माण थालिने योजना रहेको उनले बताए। *रासस*

# बजेट अभावमा खानेपानी आयोजना अधुरै

■ डम्मर बुढा मगर

**ढोरपाटन (बागलुङ)**– बागलुङमा वर्षौं अगाडि सुरु भएका खानेपानी आयोजना बजेट अभावमा सम्पन्न हुन सकेका छैनन् । जिल्लाका पाँच ठूला खानेपानी आयोजना बजेट अभावमा सम्पन्न हुन नसकेका हुन् । निरन्तर बजेट परेको अवस्थामा दुई वर्षमा सकिने ती आयोजना वर्षौंसम्म पनि अधुरै छन् ।

बडिगाड गाउँपालिका-३ मा चरम खानेपानीको अभाव भएपछि आर्थिक वर्ष २०६७/६८ मा जिल्ला खानेपानी कार्यालयबाट ओखरगैंडा खानेपानी आयोजना परेको थियो। उक्त आयोजना हालसम्म पनि सम्पन्न हुन सकेको छैन । दुई करोड ८५ लाख २९ हजार रूपैयाँमा काम सक्नेगरी सुरु भएको आयोजना १२ वर्षसम्म पनि ६४ प्रतिशतमात्रै काम भएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङले जनाएको छ । आयोजनाको लागत ठूलो हुने तर बजेट कम पर्दा समयमै सम्पन्न हुन नसकेको कार्यालयका प्रमुख किरण पौडेलले बताए ।



गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा १५ लाख रूपैयाँमात्रै विनियोजन गरेको भन्दै आयोजना सम्पन्न गर्न अझै एक करोड चार लाख ७० हजार रूपैयाँ आवश्यक पर्ने उनको भनाइ छ । उनका अनुसार यो योजनाका लागि हालसम्म एक करोड ८० लाख ५६ हजार रूपैयाँ खर्च भएको छ । ढोरपाटन नगरपालिका-२ र ३ मा आर्थिक वर्ष २०७४/७५ मा पम्पिङ खानेपानी आयोजना परेको थियो । आयोजना परे पनि लामो समय बजेट नपर्दा हालसम्म २५ प्रतिशतमात्रै काम भएको छ। चालु आवमा सरकारले १५ लाख रूपैयाँ विनियोजन गरेको थियो ।

पाँच करोड ३४ लाख ५२ हजार रूपैयाँ लागतमा निर्माण हुन लागेको उक्त आयोजना सम्पन्न गर्न अझै तीन करोड रूपैयाँ आवश्यक पर्ने खानेपानी डिभिजन कार्यालयका प्रमुख पौडेलले जानकारी दिए। हालसम्म यो आयोजानामा ८५ लाख ७९ हजार रूपैयाँ खर्च भएको उनको भनाइ छ।

जिल्ला सदरमुकाम बागलुङ बजार नजिकै रहेको उपल्लाचौरमा आर्थिक वर्ष २०७५/७६ मा लामिचौर रमेटार खानेपानी आयोजना सञ्चालन भएको थियो । तीन करोड १४ लाख रूपैयाँ लागतमा निर्माण थालिएको उक्त आयोजनाको हालसम्म ४५ प्रतिशत काम सम्पन्न भएको छ ।

चालु आवमा प्रदेश सरकारबाट १५ लाख रूपैयाँ बजेट विनियोजन भएको डिभिजन प्रमुख पौडेलले बताए । उनका अनुसार आयोजना सम्पन्न गर्नका लागि अझै तीन करोड ५५ लाख रूपैयाँ आवश्यक पर्दछ। आव २०७६/७७ मा जिल्लाको बडिगाड गाउँपालिकामा भिरकटेरा खानेपानी आयोजना निर्माण सुरु गरिएको थियो । दुई करोड ९९ लाख ७९ हजार रूपैयाँ लागतमा निर्माण सुरु भएको आयोजनको हालसम्म ५० प्रतिशतमात्रै काम सम्पन्न भएको छ ।

चालु आवमा उक्त आयोजनाका लागि १० लाख रूपैयाँ बजेट विनियोजन भएको जनाउँदै आयोजना सम्पन्न गर्न थप एक करोड ४० लाख रूपैयाँ आवश्यक पर्ने प्रमुख पौडेलले बताए। उनका अनुसार यस आयोजनामा हालसम्म तीन करोड १४ लाख रूपैयाँ खर्च भइसकेको छ ।

बडिगाड गाउँपालिका-४, ५ र ८ मा आव २०७६/७७ मा नेटाखर्क जलजला बृहत् खानेपानी आयोजना सुरु भएको थियो । छ करोड नौ लाख ९० हजार रूपैयाँ लागतमा निर्माण हुन थालेको यस आयोजनाको हालसम्म २० प्रतिशत काम सकिएको छ । चालु आवमा प्रदेश सरकारबाट १० लाख रूपैयाँ विनियोजन भएको भन्दै आयोजना सकिन अझै तीन करोड ७९ लाख ९४ हजार रूपैयाँ लाग्ने प्रमुख पौडेलले बताए । यस आयोजनामा हालसम्म ६६ लाख २५ हजार रूपैयाँमात्र खर्च भएको उनको भनाइ छ ।

'आयोजना निकै ठूला-ठूला छन् तर बजेट थोरै आउँदा समयमै काम सम्पन्न गर्न समस्या भएको छ। करोडौंका आयोजना छन्, बजेट १०-१५ लाख रूपैयाँ मात्रै आउँछ, यसरी हेर्दा एउटा आयोजना सकिन वर्षौं लाग्ने देखिन्छ,' प्रमुख पौडेलले भने, 'बजेट अभावका कारण चाहेर पनि समयमै काम सम्पन्न गर्न सकिरहेका छैनौं। आएको जति बजेटले धमाधम काम गरिरहेका छौं ।'

ढोरपाटन नगरपालिका-२ का विकास सुनारले आयोजना सुरु भएको सात वर्षसम्म जम्मा २५ प्रतिशत काम हुनु दुःखद भएको बताए । हिउँदको समयमा बुर्तिबाङसहित आसपासका ठाउँहरूमा खानेपानीको चरम अभाव हुने भन्दै यसतर्फ सरोकार भएकाको ध्यान नजाँदा आयोजनाको कामले गति लिन नसकेको उनको गुनासो छ ।

यहाँका हजारौं नागरिक वर्षौंदेखि खानेपानीका लागि लाइन कुर्नुपर्ने बाध्यतामा रहेका भन्दै ती आयोजना सरकारको प्राथमिकतामा पर्न नसकेको सुनारले बताए । 'कतै करोडौंका योजना पर्छन्, करोडौं बजेट पनि पुग्छ, तर यहाँका हजारौं जनता खानेपानीको समस्याबाट ग्रसित छन्, आयोजना सुरु पनि भएको वर्षौं बितिसक्दा पनि बजेट अभावले काम सम्पन्न भएका छैनन्,' उनले भने, 'करोडौंका आयोजनामा जम्मा १५ लाख रूपैयाँ आउँछ, यसरी २०औं वर्षसम्म पनि काम सकिँदैन, जनता सधैं खानेपानीको समस्यामा हुन्छन् ।' *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARASAH COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/०९ LT. No. 305161 चलानी नं. ६०२१९८९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 7 | 0 | 1000 | ४२,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD

श्रम ईजाजत नं. ७८८/०६५/०६६

P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : A.K.K AGRICULTURE CO LTD

पूर्व स्वीकृति मिति २०८१/०२/०९ LT. No. 305073 चलानी नं. ६०२१९८९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sugar Can Field Labourer | 50 | 0 | 16500 | ४७,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD

Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, Mobile: 9861045857, 9809732474
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com
License No. : 832/066/67



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOBILE SUPPORT CONTRACTING CO.LTD.IS A ONE-PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/१२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१० LT. No. 297273 चलानी नं. ६०२१२२७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 7 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,८९० | | | | | | | |

कम्पनी : RABOUA AL-SAMMAN CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/१२/२० पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१० LT. No. 302947 चलानी नं. ६०२१७७८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 8 | 0 | 2500 | ८८,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOBILE SUPPORT CONTRACTING COMPANY LTD.

पूर्व स्वीकृति मिति २०८०/०९/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१० LT. No. 297775 चलानी नं. ६०२१२७६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 10 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.

श्रम ईजाजत नं. १८५/०५७/०५८

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DUBAI OASIS COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/०९ LT. No. 305143 चलानी नं. ६०२१९८८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES

पूर्व स्वीकृति मिति २०८०/१२/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ LT. No. 303173 चलानी नं. ६०२१७९९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI 1

पूर्व स्वीकृति मिति २०७९/०३/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ LT. No. 266794 चलानी नं. ६०१८२७४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 75 | 0 | 2000 | ७२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAWARID SERVICES COMPANY LLC

पूर्व स्वीकृति मिति २०८०/०८/२४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ LT. No. 296251 चलानी नं. ६०२११२७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES

पूर्व स्वीकृति मिति २०८०/०४/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ LT. No. 290613 चलानी नं. ६०२१३३२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 49 | 17 | 1200 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Future Star Manpower Pvt. Ltd.

श्रम ईजाजत नं. ३९७/०६०/०६१

Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

प्रभाव दैनिक


## 'गाउँ आएको बाटो'को ट्रेलर सार्वजनिक


नवीन सुब्बाको फिल्म 'गाउँ आएको बाटो' को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार सार्बजनिक ट्रेलरबाट गिल्मले पूर्वी नेपालको एउटा गाउँमा सडक र गाडी पुगेपछि आएको परिवर्तन र त्यसले पारेको असर बारे फिल्म बनेको बुझ्न सकिन्छ । यही जेठ २५ गतेबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्ममा दयाहाङ राई र उनकी श्रीमतीको भूमिकामा पशुपति राईले अभिनय गरेकी छन् । यो फिल्मले विश्वका २० वटाभन्दा बढी प्रतिष्ठित फेस्टिभलमा सहभागिता जनाइसकेकोले विशेष चर्चा समेत रहेको छ । फिल्ममा खानुमा राई, केशव राई, प्रमिशा राई, प्रेम सुब्बा लगायतको पनि अभिनय छ ।



शुक्रबार ११, जेठ २०८१ (Friday, May 24, 2024)

# 'पूजार सार्की' र 'फर्की फर्की' रिलिज




■ प्रभाव संवाददाता

**काठमाडौं–** तीन सुपर स्टार रहेको फिल्म 'पूजार सार्की' र अनमोल केसीको 'फर्की फर्की' एक साथ रिलिज भएका छन् । बुद्ध जयन्तीको सार्वजनिक विदाको अवसर पारेर बिहीबारबाट दुवै फिल्म रिलिज गरिएको हो ।

'पूजार सार्की' मा अभिनेताहरू आर्यन सिग्देल, प्रदीप खड्का र पल शाहको अभिनय रहेको छ । यस फिल्मलाई राष्ट्रिय अवार्ड विजेता दिनेश राउतले निर्देशन गरेका हुन् । सामाजिक विषयमा फिल्म बनाउने निर्देशक राउतले यसअघि 'प्रसाद' र 'प्रकाश' जस्ता फिल्म बनाएका थिए ।

सुवास भुसालको निर्माण रहेको फिल्ममा आर्यनको जोडी अञ्जना बराइलीसँग बाँधिएको छ भने प्रदीपको अपोजिटमा परीक्षा लिम्बूले अभिनय गरकी छन् । फिल्म अन्तरजातीय प्रेमको कथामा बनेको छ । विकास सुवेदीको लेखन रहेको फिल्ममा मोहन निरौला, लोकेन्द्र लेखक, शङ्कर आचार्य, प्रेम सुब्बा, सुभास गजुरेल, विद्या कार्की, बसन्त भट्ट लगायतको पनि अभिनय छ ।

त्यस्तै अनमोल केसी र जसिता गुरुङको प्रमुख भूमिका रहेको फर्की फर्की'टाइम लुप' को कथामा बनेको छ । यस फिल्मलाई सुयोग गुरुङले लेखन तथा निर्देशन गरेका हुन् । अनमोलका पछिल्ला फिल्मले बक्स अफिसमा राम्रो नगरेको अवस्थामा फर्की फर्की बक्स अफिसमा सफल हुनुपर्ने दबाब अनमोलमाथि रहेको छ ।

# 'भानु साहित्य उद्यान'को रेखाचित्र सार्वजनिक

■ प्रभाव संवाददाता

**तनहा–** तनहुँको भानु नगरपालिका-४ स्थित आदिकवि भानुभक्त आचार्यको जन्मस्थल चुँदी रम्घामा 'भानु साहित्य उद्यान' निर्माण गरिने भएको छ । नगरप्रमुख आनन्दराज त्रिपाठी, उपप्रमुख उमा गोतामे र प्रमुख प्रशासकीय अधिकृत दिवाकर पौडेलले संयुक्त रूपमा रेखाचित्रको बुधबार सार्वजनिक गरेपछि निर्माण प्रक्रिया अघि बढाइएको हो ।

वरिष्ठ कलाकार अशोकमान सिंहद्वारा नेपालका राष्ट्रिय विभूति भानुभक्त आचार्यको स्मृतिमा उद्यानको परिकल्पना गरिएको भानु नगरपालिकाले जनाएको छ । भानु साहित्य उद्यानको भविष्यको वास्तविकता कस्तो हुने भन्ने विषयमा निर्माण गरिएको परिकल्पनाको प्रारम्भिक तस्वीर (रेखाचित्र) स्केच गरिएको हो ।

आयोजनाका लागि जग्गा प्राप्ति, गुरुयोजना निर्माण र भानुको सालिक निर्माणलगायत कार्य प्रारम्भ गर्न संघीय सरकारले चालु आर्थिक वर्षमा रु पाँच करोड थप विनियोजन गरेको थियो । सरकारले भानु नगरपालिकालाई विसं २०७८ मा रु दुई करोड स्रोत सुनिश्चित गरी सोही वर्ष रु एक करोड बजेट विनियोजन गरेपछि जग्गाधनीलाई मुआब्जा वितरण सुरु गरेको हो ।

नगरपालिकाले उक्त बजेट विनियोजनपश्चात् चार सय २१ रोपनी बढी जग्गा प्राप्तिकका लागि जग्गाधनीलाई मुआब्जा वितरण गर्दै आइरहेको प्रमुख प्रशासकीय अधिकृत पौडेलले जानकारी दिए । हालसम्म एक सय ३५ कित्ता जग्गा अधिग्रहण गरी जग्गधनीपुर्जा नगरपालिकाको स्वामित्वमा आइसकेको उनको भनाइ छ । उनका अनुसार हालसम्म जग्गा अधिग्रहण कार्य करिब ९५ प्रतिशत सम्पन्न भइसकेको छ ।



चालु आवमा गत माघ ३ गते रु पाँच करोड बजेट प्राप्त भएपछि माघ २३ गते बैठक बसी मुआब्जा निर्धारण गरिएको प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताए । उनका अनुसार उक्त साहित्यिक उद्यान निर्माणका लागि हालसम्म ३६ प्रतिशत वित्तीय प्रगति भएको छ । भौतिक संरचना निर्माण गरी नेपाली भाषा, साहित्य, संस्कृति, पर्यटन, कला र राष्ट्रिय सम्पदाको संरक्षण संवर्द्धन गर्ने योजना रहेको छ । भानु साहित्य उद्यानको मूल उद्देश्य भानुभक्त आचार्यको जन्मस्थल चुँदी रम्घालाई साहित्यिक तीर्थस्थल र सांस्कृतिक एकताको केन्द्रका रूपमा विकास गर्न' रहेको नगरपालिकाका वरिष्ठ अधिकृत सुनिल पाण्डेले जानकारी दिए ।

प्रस्तावित संरचनाभित्र भानुभक्तको विशाल सालिक, रामायण मन्दिर, मूर्ति वाटिका, भानुभक्तकालीन नमुना बस्ती, भानु साहित्य ग्राम र भानु प्रज्ञा भवन निर्माण गरिनेछ । साथै भानु वनस्पति उद्यान, सप्तधाम, प्रवेशद्वार, बस्ती तथा बजार क्षेत्र, मनोरञ्जन, वनभोजस्थल, पार्किङस्थल, प्राकृतिक वनविचरण क्षेत्र, सम्पदा संरक्षण क्षेत्र र साहित्यिक पदमार्ग निर्माण गरिने जनाइएको छ ।

भानुभक्तका कृति, योगदान एवं नेपाली भाषा र साहित्यको अध्ययन, अनुसन्धानका निम्ति पुस्तकालय/संग्रहालय स्थापना गरी चुँदी रम्घालाई प्राज्ञिक उत्कृष्ट केन्द्रका रूपमा विकास गर्न लागिएको नगरप्रमुख त्रिपाठीले बताए । तनहुँको भानु नगरपालिका-४ चुँदी रम्घालाई साहित्यिक र सांस्कृतिक पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गर्न लागएको भन्दै यसको नेतृत्व नगरपालिकाले लिइसकेको उनले बताए ।

विगतमा जग्गा अधिग्रहणको काम सुरु भए पनि गति लिन नसकेको भन्दै चालु आर्थिक वर्षदेखि यो काम तीव्रगतिमा अगाडि बढेको त्रिपाठीको भनाइ छ । 'नेपाली भाषाका आदिकवि आचार्यको जन्मथलोलाई सप्तधामको रूपमा विकास गर्न'पर्छ भनेर अगाडि बढेका छौँ', उनले भने, 'यसले तनहुँमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्नुका साथै स्थानीयको आर्थिकस्तर वृद्धि हुँदै जाने अपेक्षा गरेका छौँ ।'

सिंगो नेपाललाई भाषाको माध्यमबाट जोड्ने आदिकवि आचार्यको जन्मथलो ओझेलमा परेपछि यसलाई साहित्यिक पर्यटनको गन्तव्यस्थल बनाएर पर्यटन प्रवर्द्धन गर्ने लक्ष्य राखिएको नगरप्रमुख त्रिपाठीको भनाइ छ । उनले भने, 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा भानुभक्तको विशिष्ट पहिचान छ, यो ठाउँलाई समय सन्दर्भअनुसारको सबै किसिमको धाम बनाउने परिकल्पना साथ अगाडि बढेका छौँ ।' नेपाली भाषा, साहित्य, संस्कृति, पर्यटन, कला र राष्ट्रिय सम्पदाहरूको संरक्षण संवर्द्धनका निम्ति विविध कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।



# महिला क्रिकेट एसिया कप खेल्ने प्रारम्भिक टिमको घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान) ले एसिया कप महिला क्रिकेट प्रतियोगितामा भाग लिने खेलाडी छनौटको लागि २८ खेलाडीको प्रारम्भिक टिम घोषणा गरेको छ । आगामी जुलाई १९ देखि जुलाई २८, २०२४ सम्म श्रीलंकाको डाम्बुलामा महिला एसिया कप हुदै छ । प्रारम्भिक टिममा इन्दु बर्माको कप्तानीमा २८ खेलाडी छानिएको र क्लोज क्याम्पबाट अन्तिम टिम छानिने क्यानले जनाएको छ ।



क्लोज क्याम्पका लागि छानिएका खेलाडीमा इन्दु बर्मा (कप्तान), रुबिना क्षेत्री, सिता राना मगर, कबिता कुँवर, सम्झना खड्का, कबिता जोशी, काजोल श्रेष्ठ, पुजा महतो, डोली भट्ट, बिन्दु रावल, रोमा थापा, ममता चौधरी, कृतिका मरासिनी, राजमती ऐरी, सबनम राई, रुबी पोडार, खुशी डंगोल, लक्ष्मी साउद, अलिशा खदिया, अप्सरा बेगम, करुणा भण्डारी, अश्मिना कर्माचार्य, संगीता राई, आरति महतो, सावित्री धामी, यशोदा विष्ट, सोनी पाख्रिन, हेलिशा गुरुङ रहेका छन् ।

महिला एसिया कप जुलाई १९ देखि जुलाई २८, २०२४ सम्म श्रीलंकाको डाम्बुलामा हुने तय भएको छ । प्रतियोगिताको यो संस्करण आठ देश सहभागी हुने छन् । भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशसहित एसीसीले महिला प्रिमियर कप २०२४ को सेमिफाइनल पुग्ने युएई, मलेसिया, नेपाल र थाइल्याण्डलाई एसिया कप खेल्न दिने निर्णय गरको थियो ।

एसिया कपमा नेपाल समुह ए मा रहेको छ । नेपाल भारत, पाकिस्तान र युएईसँगै समुह ए मा रहेको छ भने समुह बी मा बंगलादेश, श्रीलंका, मलेसिया र थाइल्याण्ड रहेका छन् ।

नेपालले आफ्नो पहिलो खेल एसिया कपको उदघाटनकै दिन जुलाई १९ मा पाकिस्तानविरुद्ध खेल्ने छ भने दोस्रो खेल जुलाई २१ मा युएईविरुद्ध र तेस्रो खेल जुलाई २३ मा भारतविरुद्ध खेल्ने तालिका एसीसीले सार्बजनिक गरेको छ ।

# अन्तर्राष्ट्रिय एसियन तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल चाङ हुन अन्तर्राष्ट्रिय तेक्वान्दो महासङ्घको आयोजनामा प्रथम चाङ हुन अन्तर्राष्ट्रिय एसियन तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ । सातदोबाटोस्थित कराते महासङ्घको एकेडेमीमा आयोजना हुने उक्त प्रतियोगितामा आयोजक नेपालसहित मलेसिया, बङ्गलादेश, भारत, चीन, पाकिस्तान, भियतनाम, फिलिपिन्स, श्रीलङ्का र सिङ्गापुर गरी करिब दुई हजार पाँच सय खेलाडीको सहभागिता रहने महासङ्घका अध्यक्ष कुलबहादुर बुढामगरले जानकारी दिए ।




यही जेठ १३ गतेसम्म आयोजना हुने प्रतियोगितामा ८५ स्वर्णपदक, ८५ रजत तथा एक सय १६ कास्यपदकका लागि प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । प्रतियोगितामा पुरुषतर्फ २० किलो, २१–२६, २७–३२, ३३–३८, ३९–४४, ४५–५०, ५१–५६, ५७–६२, ६३–६८, ६९–७४ र ७४ किलोमाथि तौल समूहमा प्रतिस्पर्धा हुनेछ ।

त्यसैगरी महिलातर्फ २० किलोमुनि, २१-२६, २७-३२, ३३-३८, ३९-४४, ४५-५०, ५१-५६, ५७-६२ र ६२ किलोभन्दा माथि तौल समूहमा प्रतिस्पर्धा हुनेछ । सिनियर तौल समूह (ब्ल्याक बेल्ट)को पुरुषतर्फ ४४ किलो मुनि, ४५-५०, ५१-५६, ५७-६२, ६३-६८, ६९-७४, ७५-८० र ८० किलोमाथि, महिलातर्फ ३८ किलोमुनि, ३९-४४, ४५-५०, ५१-५६, ५७-६२, ६३-६८, ६९-७४ र ७४ किलोमाथि तौल समूहमा प्रतिस्पर्धा हुनेछ ।

यस्तै एकल काताको पुरुषतर्फ एलो, ग्रीन, ब्ल्यु, रेड, ब्ल्याक बेल्ट (पहिलो देखि पाँचौं डान) र महिलातर्फ एलो, ग्रीन, ब्ल्यु, रेड, ब्ल्याक बेल्ट (पहिलो देखि पाँचौं डानसम्म प्रतिस्पर्धा हुनेछ । समूह काताअन्तर्गत पुरुष सिनियर (ब्ल्याक बेल्ट), जुनियर (कलर बेल्ट) र महिला सिनियर (ब्ल्याक बेल्ट), जुनियर (कलर बेल्ट) मा प्रतिस्पर्धा हुनेछ । उक्त प्रतियोगिता सञ्चालनको लागि करिब रु ५० लाख खर्च लाग्ने आयोजकले जनाएको छ ।

# कबड्डी टोली बंगलादेश प्रस्थान

**काठमाडौं (प्रस)–** चौथो बंगबन्धु कप पुरुष अन्तर्राष्ट्रिय कबड्डी प्रतियोगितामा सहभागी हुन १२ खेलाडीसहित १६ सदस्यीय नेपाली टोली बंगलादेशको ढाका प्रस्थान गरेको छ । यही मे २६ देखि जुन ३ तारिख (जेठ १३ गतेदेखि २१) सम्म हुने प्रतियोगितामा विभिन्न १२ राष्ट्रको सहभागिता रहने अखिल नेपाल कबड्डी संघका महासचिव अरविन्दकुमार झाले जानकारी दिए । सहभागी टोलीलाई दुई समूहमा विभाजन गरी 'लिग कम नकआउट' आधारमा खेल खेलाइने छ ।

समूह 'ए' मा नेपालसहित बंगलादेश, श्रीलंका, इराक, मलेसिया र इण्डोनेसिया रहेका छन् भने 'बी' मा थाइल्याण्ड, जापान, पाकिस्तान, दक्षिण कोरिया, केन्या र पोल्याण्ड छन् । सहभागी खेलाडीमा घनश्याम रोका मगर (कप्तान), गणेश कार्की, मनोज भट्ट कपाडी, जितेन्द्र अवस्थी, सागर यादव, इसरात मियाँ, कमलेश लोनिया, प्रकाश गिरी, खगेन्द्र जोशी, सुशील चुनारा, रोहन श्रेष्ठ र विशाल थापा छन् ।

टोलीका कप्तान घनश्याम भारतको प्रो कबड्डी लिग खेलिसकेका खेलाडी हुन् । उनी १०औँ संस्करणमा हरियाणा स्लिर्समा १३ लाख भारतीय रूपैयाँमा अनुबन्ध भएका थिए । घनश्यामले १०औँ संस्करणमा चार टिमविरुद्ध खेल्ने अवसर पाएका थिए । उनले तेलगु टाइटन्स, गुजरात जाइन्ट्स, यु मुम्बा र बैंगलारु बुल्सविरुद्ध खेलेका थिए । घनश्याम प्रो कबड्डी लिगमा आबद्ध हुने नेपाली खेलाडीमध्ये सर्वाधिक पारिश्रमिक लिने खेलाडी हुन् ।

यसअघि सञ्जय श्रेष्ठ र जयबहादुर बोहराले समान रु आठ-आठ लाख तथा लालमोहर यादव र नागेश्वर चौधरीले समान १०-१० लाख भारतीय रूपैयाँ पारिश्रमिक लिएका महासचिव झाले जानकारी दिए । विष्णुदत्त भट्ट प्रशिक्षक, महेश चन्द व्यवस्थापक तथा तर्कराज भट्ट र रमेशचन्द्र ओझा अफिसियलको भूमिका टिमसँगै बंगलादेश गएका छन् । नेपाली टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले यहाँ आयोजित एक कार्यक्रममा सफलताको शुभकामना दिँदै बिदाइ गरेका थिए ।

# नेपालको सान्त्वना जित

**काठमाडौं (प्रस)–** नेपालले एटीएफ यु-१२ टेनिस टिम प्रतियोगिता (दक्षिण एसियाली क्षेत्रीय छनोट) को ब्वाइजमा जित हात पारेको छ । चार राष्ट्र रहेको समूह 'बी' को लिग खेलमा बुधबार नेपालले भुटानलाई ३-० को सोझो सेटमा पराजित गरी सान्त्वना जित हात पार्‍यो । यसअघि नेपाल श्रीलंका र पाकिस्तानसंग चुकेको थियो । यो नतिजासंगै नेपाल प्रतियोगिताबाट बाहिरिएको छ ।

पहिलो सिंगल्समा नेपालका विश्वविशेष डल्लाकोटीले डुडु तेन्जिङलाई ६-० र ६-३ तथा निश्चल ज्ञवालीले पेल्थोप छिरिङलाई ६-२ र ६-३ को सोझो सेटमा पराजित गरे । डबल्समा नेपालका विश्व र साहनावाज आलमको जोडीले पेल्थोप र मिफाम छिरिङको जोडीलाई ६-० र ६-२ को सेटमा हराए ।

नेपाल टेनिस संघद्वारा आयोजित प्रतियोगिताको ब्वाइजमै पाकिस्तानले श्रीलंका तथा भारतले बंगलादेशलाई समान ३-० ले पन्छाए । योसंगै ब्वाइजमा सेमिफाइनल समीकरण पूरा भएको छ । सेमिफाइनलमा भारतको भेट श्रीलंकासंग हुनेछ भने पाकिस्तानले बंगलादेशको सामना गर्ने छ ।

गल्समा श्रीलंकाले नेपाललाई ३-० ले पराजित गर्‍यो । सिंगल्समा लियङ सानुथी वोङले नेपालीकी सारा पन्तलाई ६-० र ६-० तथा श्रीलंकाकी दाम्सिलुनी सहन्साले अनुश्री धोजुलाई ६-० र ६-१ को सोझो सेटमा पन्छाए । डबल्समा श्रीलंकाका लियङले हेवासाम पथिराजाको जोडीले अनुश्री र आयुशा जिसीको जोडीलाई ६-४ र ६-३ को सेटमा पाखा लगाए । नेपालको यो लगातार तेश्रो हार हो ।



इरानका दिवंगत राष्ट्रपति इब्राहिम रायसी, विदेशमन्त्री होसेन अमिर–अब्दुल्लाहियानसँगै हेलिकप्टर दुर्घटनामा परी मृत्यु भएकाहरूका लागि इरानको ताब्रिजमा बिहीबार आयोजित बिदाइ समारोहमा उपस्थित मानिसहरू । आइतबार हेलिकप्टर दुर्घटनामा मृत्यु भएको उनीहरूको बिहीबार अन्त्येष्टि गरिएको छ । *तस्बिरः सिन्ह्वा*

## चीनको विद्युत् उत्पादन क्षमता १४.१ प्रतिशतले बढ्यो

**बेइजिङ–** चीनको कूल स्थापित ऊर्जा उत्पादन क्षमता अप्रिलको अन्त्यमा ३.०१ अर्ब किलोवाट पुगेको छ । एक वर्ष अघिको तुलनामा चिनियाँ ऊर्जा उत्पादन क्षमता १४.१ प्रतिशतले बढेको राष्ट्रिय ऊर्जा प्रशासनको बिहीबार तथ्यांकले देखाएको छ ।

वायु ऊर्जा र सौर्य ऊर्जाको विकासलाई गति दिने चीनको प्रयासबीच गत महिनाको अन्त्यसम्ममा वायु ऊर्जा लगभग चार करोड ६० लाख किलोवाट(२०.६ प्रतिशत) र सौर्य छ करोड ७० लाख किलोवाट (५२.४ प्रतिशत) पुगेको छ ।

जनवरीदेखि अप्रिलसम्म चीनमा प्रमुख ऊर्जा उत्पादन उद्यमहरूले कूल १९१.२ अर्ब युआन (करिब २६.८९ अर्ब अमेरिकी डलर) को ऊर्जा आपूर्ति परियोजना लगानी पूरा गरे थिए । एक वर्ष पहिले लगानीमा ५.२ प्रतिशतले वृद्धि भएको थियो ।

विद्युत् ग्रिड परियोजनाहरूमा चीनको लगानी चार महिनाको अवधिमा १२२.९ अर्ब युआन थियो । यो वर्षको सोही अवधिमा लगानीमा २४.९ प्रतिशतले वृद्धि भएको छ । *रासस/सिन्ह्वा*

# बेलायतमा जुलाई ४ मा आमनिर्वाचन हुने घोषणा

**लन्डन–** बेलायतका प्रधानमन्त्री ऋषि सुनकले जुलाई ४ मा आमनिर्वाचन हुने घोषणा गरेका छन् । 'आज बिहान मैले संसद् विघटन गर्न अनुरोध गर्न राजासँग कुरा गरेँ । उहाँले यो अनुरोध स्वीकार गर्नुभएको छ र जुलाई ४ मा आमनिर्वाचन हुने छ,' बुधबार साँझ डाउनिङ स्ट्रिटमा गरिएको पत्रकार सम्मेलनमा प्रधानमन्त्री सुनकले भने ।



नयाँ तथ्यांकले देशमा मुद्रास्फीति तीव्र रूपमा (२.३ प्रतिशतमा) झरेको देखाएको केही घण्टापछि प्रधानमन्त्रीको यो घोषणा आएको हो । करिब तीन वर्षमा यो तथ्यांक सबैभन्दा कम हो । सत्तारुढ कन्जर्भेटिभ पार्टीले यसलाई एउटा उत्साहजनक उपलब्धि मानेको छ । सन् २०२३ जनवरीमा प्रधानमन्त्रीको पाँचवटा प्रतिज्ञामध्ये मुद्रास्फीति न्यूनीकरण पनि समावेश रहेको थियो । सन् २०२२ जुनको अन्त्यमा मुद्रास्फीति २२ प्रतिशतभन्दा माथि पुगेको थियो । सुनकले हालको यो तथ्यांक देशको अर्थतन्त्रका लागि प्रमुख उपलब्धि र उज्ज्वल भविष्यको प्रतिविम्ब रहेको बताए ।

बेलायतमा कन्जर्भेटिभ पार्टीले १४ वर्षदेखि सत्ता सम्हाल्दै आएको छ । यसले हालैका वर्षहरूमा सुस्त आर्थिक वृद्धिदेखि राजनीतिक अस्थिरतासम्मका चुनौतीहरूको सामना गर्नुपरेको छ । पार्टी नेतृत्वको बारम्बार परिवर्तनले कन्जर्भेटिभ पार्टीभित्रको अस्थिरतालाई देखाउँछ । पछिल्लो युगोभ सर्वेक्षणका अनुसार टोरीहरू (कन्जर्भेटिभ पार्टी) हाल आफ्नो मुख्य प्रतिद्वन्द्वी लेबर पार्टीभन्दा पछाडि रहेका छन् । ग्रीष्मकालमा हुने चुनावका लागि सुनकको आह्वानप्रति प्रतिक्रिया दिँदै श्रम नेता कीर स्टारमरले भने, 'यो देशले चाहेको र पर्खिरहेको क्षण हो । देशको भविष्य तपाईंको हातमा छ ।'

'हामी अराजकता रोक्न सक्छौं, पृष्ठ घुमाउन सक्छौं र बेलायतको पुनर्निर्माण गर्न र हाम्रो देश परिवर्तन गर्न सुरु गर्न सक्छौं,' उनले थपे । लिबरल डेमोक्रयाटका नेता एड डेभीले भने, 'यो सरकार जनताको सम्पर्क बाहिर छ । यो कन्जर्भेटिभ सरकारलाई फयाँक्ने समय हो ।'

मे ३० मा बेलायती संसद् औपचारिक रूपमा विघटन हुने छ र त्यसपछि चुनावी अभियान जुलाई ४ को मतदानको दिनसम्म चल्ने छ । सुनकको घोषणापछि बकिङ्हम प्यालेसबाट आएको एक विज्ञप्तिमा भनिएको छ, 'शाही परिवारले सामान्य प्रक्रियाअनुसार चुनावी अभियानबाट ध्यान विचलित गर्ने र हुने कार्यक्रमहरू स्थगित गर्ने छ ।' 'हालैका आर्थिक तथ्यांकहरूलाई ध्यानमा राख्दै आमचुनावको घोषणा कुनै वास्तविक आश्चर्यको कुरा थिएन । देशको अर्थतन्त्र सही दिशामा अघि बढिरहेको छ र यो रणनीति परिवर्तन गर्ने समय होइन भनी वर्तमान सरकारले तर्क गर्नसक्छ,' बर्मिंघम विश्वविद्यालयका प्राध्यापक जोन ब्रायसनले भने ।

लन्डन स्कुल अफ इकोनोमिक्स एन्ड पोलिटिकल साइन्स (एलएसई) का प्राध्यापक इयान बेगले कन्जरभेटिभ पार्टी 'जनमत सर्वेक्षणमा धेरै पछाडि रहेको' र लेबर पार्टीको 'परिवर्तनको समय' को कथा मतदाताहरूसँग प्रतिध्वनित भएको बताए । लिभरपुल विश्वविद्यालयका प्राध्यापक जोन टोङले यो एउटा असाधारण निर्णय भएको बताए । *रासस/सिन्ह्वा*

## थाइल्याण्डमा प्रधानमन्त्री श्रेथाको मुद्दाको सुनुवाइ गर्न अदालत सहमत

**बैंकक–** थाइल्याण्डको सर्वोच्च अदालतले प्रधानमन्त्री श्रेथा थाभिसिनलाई पदमुक्त गर्न माग गरिएको मुद्दामा सुनुवाइ गर्न बिहीबार सहमति जनाएको छ ।

संवैधानिक अदालतले ४० जना सिनेटरले नैतिकतासम्बन्धी नियमअन्तर्गत श्रेथालाई पदबाट हटाउनका लागि दायर गरिएको निवेदनलाई स्वीकार गरेको हो । तर अदालतले प्रधानमन्त्रीको रूपमा श्रेथालाई उनको जिम्मेवारीबाट निलम्बन गर्न भनी गरिएको आवेदनलाई अस्वीकार गरेको छ ।

सरकारले सन् २००८ मा अदालतको अवहेलना गरेको अभियोगमा छ महिना जेल सजाय भोगेका पिचित चुएनबानलाई हालै मन्त्री नियुक्त गरिएपछि प्रधानमन्त्री श्रेथा विवादमा तानिएका हुन् । यद्यपि, पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रासँग निकट सम्बन्ध भएका पूर्ववकिल पिचितले मंगलबार मन्त्रीका रूपमा आफ्नो पदबाट राजीनामा दिएका थिए । न्यायाधीशहरूले ६–३ को मत दिएर निवेदन स्वीकार गरे र श्रेथालाई मुद्दाको जवाफ दिन १५ दिनको समय दिएका छन् ।

सन् २०१४ मा भएको 'कू' पछि थाइल्याण्डमा शासन गरेको सेनाप्रति वफादार सरकारले सिनेटका २५० वर्तमान सदस्यलाई नियुक्त गरेको थियो । नयाँ सांसद (सिनेटर) चयनका लागि अर्को महिना तीन चरणमा निर्वाचन हुने छ । *रासस/एएफपी*

## युक्रेनको खार्किभ क्षेत्रमा ११ हजार मानिस विस्थापित

**युक्रेन–** युक्रेनको उत्तरपूर्वी खार्किभ क्षेत्रमा रूसी सेनाले मे १० मा जमिनी आक्रमण गरेपछि करिब ११ हजार मानिस आफ्नो घर छोड्न बाध्य भएको युक्रेनी गभर्नरले बिहीबार बताएका छन् । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आक्रमणले रूसलाई १८ महिनामा सबैभन्दा ठूलो क्षेत्रीय लाभ भएको बताउँदै धेरै लहरमध्ये यो पहिलो हुनसक्ने बताए ।


खार्किभका गभर्नर ओलेग सिनेगुबोभले टेलिग्राममा एक पोस्टमा सार्वजनिक गरेको तथ्यांकअनुसार आक्रमणपछि १० हजार ९८० जनालाई उक्त स्थानबाट बाहिर निकालिएको छ । रूसी सेनाहरू लिप्ट्सी र भोभ्चान्स्क सहरलगायत सीमावर्ती गाउँतर्फ अघि बढेपछि हजारौं मानिसहरू आफ्नो घर छोडेर भाग्न बाध्य भएका थिए । सीमाबाट केवल पाँच किलोमिटर टाढा भोभचान्स्क क्षेत्रमा 'लडाइँ जारी रहेको बताउँदै जनरल स्टाफले आफ्ना रक्षकहरूले सफलरूपमा प्रतिरोध गरिरहेको जनाएका छन् । *रासस/एएफपी*

# चीन, दक्षिण कोरिया र जापानले पाँच वर्षपछि पहिलोपटक एक ठाउँमा

**सियोल–** दक्षिण कोरिया, चीन र जापानका नेताहरूले अर्को हप्ता सियोलमा करिब पाँच वर्षपछि पहिलो त्रिपक्षीय शिखर सम्मेलन गर्ने दक्षिण कोरियाली राष्ट्रपतिको कार्यालयले बिहीबार जनाएको छ ।

राष्ट्रपति युन सुक युलले सोमबार दक्षिण कोरियाको राजधानीमा चिनियाँ प्रधानमन्त्री ली किआङ र जापानी प्रधानमन्त्री फुमियो किशिदालाई भेट्ने सियोलका उपराष्ट्रिय सुरक्षा निर्देशक किम ताइ-ह्याले पत्रकारसँग बताए । युनले आइतबार ली र किशिदासँग छुट्टै द्विपक्षीय वार्ता गर्ने किमले बताएका छन् । तीन नेताहरूले व्यापारिक शिखर सम्मेलनमा भाग लिने र तीन देशका व्यापारीहरूलाई 'प्रोत्साहित गर्ने' कार्यक्रम पनि रहेको उनले बताए ।

'आगामी शिखर सम्मेलनले त्रिपक्षीय सहयोग प्रणालीलाई पूर्णरूपमा पुनःस्थापना र सामान्यीकरणका लागि निर्णायक बिन्दुको रूपमा काम गर्ने छ,' किमले भने । तीन



देशका नेताहरूले अन्तिमपटक २०१९ मा भेट गरेका थिए । कोरियाली प्रायद्वीपमा जापानको १९१०-१९४५ सम्मको शासनलाई लिएर जापान र दक्षिण कोरियाबीच कानुनी विवाद जारी छ । आणविक हतियारधारी प्योङयाङले निम्त्याएको बढ्दो खतराका कारण दक्षिण कोरियाका युनले लामो समयदेखि सहयोगी रहेको वासिङ्टनसँगको सम्बन्धलाई बलियो बनाउँदै जापानसँगको ऐतिहासिक वैमनस्यता अन्त्य गर्न अघि सरेका छन् ।

गत वर्ष अगस्टमा संयुक्त राज्य अमेरिकाको क्याम्प डेभिडमा भएको ऐतिहासिक शिखर सम्मेलनपछि सियोल, टोकियो र वासिङ्टनले घनिष्ठ त्रिपक्षीय सुरक्षा सहयोगको 'नयाँ अध्याय' घोषणा गरेका थिए । त्यस समय शिखर सम्मेलनमा तीन सहयोगीहरूले दक्षिण चीन सागरमा चीनको 'आक्रामक व्यवहार' बारे गरेको आलोचनालाई लिएर बेइजिङले उजुरी दर्ता गरेका थिए । नयाँ त्रिपक्षीय शिखर सम्मेलनको बिहीबारको घोषणा बेइजिङले दक्षिण कोरियाली र जापानी कूटनीतिज्ञहरूलाई 'ताइवानका बारेमा मुद्दाहरू' छलफल गर्न बोलाएको एक दिनपछि आएको हो । सियोलको योन्हाप समाचार एजेन्सीका अनुसार सोमबार ताइवानका राष्ट्रपति लाइ चिङ-टे को उद्घाटनमा दक्षिण कोरियाली सांसद र सियोलका प्रतिनिधिको ताइपेईमा उपस्थितिको चीनले निन्दा गरेको छ ।

सियोलको विदेश मन्त्रालयले बिहीबार दक्षिण कोरियाको 'एक चीन नीतिलाई सम्मान गर्ने' स्थितिमा 'कुनै परिवर्तन नभएको' बताएको छ । *रासस/एएफपी*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** 89 SWEETS & PASTRIES CO

पूर्व स्वीकृति मितिः २०७९/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१० | LT No.284515 | चलानी नं: ६०१९९८२१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Cleaner/kitchen utensils | 12 | 0 | 110 | ४६,९०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Chocolate Maker | 5 | 0 | 170 | ७२,४८५ | | | | | | | |
| 3 | Cashier | 4 | 0 | 150 | ६३,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351

Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** SEVENTH GULF EQUIPMENT MAINTENANCE COMPANY

पुर्व स्वीकृति मिति २०८०/१०/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१० | LT. No. :299790 | चलानी नं. ६०२१४६५५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Painter | 1 | 0 | 1200 | ४२,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी :** SHUAA AL TARIQ TRADING COMPANY

पुर्व स्वीकृति मिति २०८१/०२/०९ | LT. No. :305120 | चलानी नं. ६०२१९८९२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Office and Facility Cleaning Worker | 8 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०५/०७४/०७५

**All Asia Overseas Pvt.Ltd**

Ratopul, Gaushala-7, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** AJIAL AL HADITHA HOSPITALITY SERVICE

पूर्व स्वीकृति मितिः २०८०/०९/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/१० | LT. No.297365 | चलानी नं. ६०२१२६११

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Indoor Cleaners | 65 | 0 | 800 | २९,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ देखि २० गते (31 May-2 June 2024) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रोजगारदाता आफैले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ace Recruitment Pvt. Ltd.** श्रम ईजाजत नं. १६२६/०७९/०८०

Prakash Ashram Road, Near Int'l Airport, Kathmandu, Nepal, Tel: +977 1-5914502, 1-5914503, 9801316307, 9801316308

WhatsApp: +977 9801316307, Mail: cv.acenepal@gmail.com, jobs.acerecruitment@gmail.com, Web: www.acerecruitment.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** PURITY OF EXCELLENCE LAUNDRIES FOR LAUNDRY

पूर्व स्वीकृति मिति २०८१/०२/०९ | LT. No. 305104 | चलानी नं. ६०२१९८७४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Laundaryman | 1 | 0 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी :** MAN CAVE TRADING COMPANY IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/०९ | LT. No. 305103 | चलानी नं. ६०२१९८७३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Kitchen Worker | 2 | 0 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोहखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३८७०० | प्रति तोला – १३८०५० | प्रति तोला – १८६५ |



**टेलिकमको फोरजी टावर** | सोलुखुम्बु, नाम्चेस्थित नेपाल टेलिकमको फोरजी टावर र कार्यालय ।
*तस्बिर सौजन्य: इ दिनेश पन्थी नेपाल टेलिकम/रासस*

# बजेटमा कृषि क्षेत्र उच्च प्राथमिकतामा : प्रधानमन्त्री

■ प्रभाव संवाददाता



**ललितपुर–** प्रधानमन्त्री पुष्पकमल दाहालले नीति तथा कार्यक्रमअनुरूप आगामी आर्थिक वर्षको बजेटमा कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिने सरकारको तयारी रहेको बताएका छन् ।

कोन्ज्योसोम गाउँपालिकाद्वारा बिहीबार आयोजित त्रिमूर्ति प्रतिमा उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले सरकारको आगामी आवको नीति तथा कार्यक्रम र बजेटबाट कृषि क्षेत्रले पर्याप्त लाभ लिनसक्ने बताए ।

उनले नीति तथा कार्यक्रममा उत्पादकत्व वृद्धि र रोजगारी सिर्जनालाई उच्च प्राथमिकता दिएर नीतिगत व्यवस्था गरिएको स्पष्ट पारे । सरकारले अघिल्लो महिनामात्रै तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलन उत्साहजनक रूपमा सम्पन्न गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले उक्त सम्मेलनमा ठोट्नेखोलाको पानी प्रयोग गरी उपत्यकावासीको पानीको समस्या समाधान गर्न विदेशी लगानीकर्ताका लागि परियोजनाको प्रारूप प्रस्ताव गरिएको जानकारी दिए ।

'मेरो विश्वास छ, उक्त प्रस्तावअनुरूप यस आयोजनाका निम्ति विदेशी लगानी जुट्नेछ', प्रधानमन्त्री दाहालले भने, 'यसबाट पानीको बहुउपयोग हुने किसिमका बृहत् आयोजना सञ्चालन गर्न सम्भव हुनेछ ।' कोन्ज्योसोम गाउँपालिकाका केही वडालाई नयाँ सहरका रूपमा विकास गर्न सकिने सम्भावना रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले त्यसका निम्ति आगामी दिनमा सम्भाव्यता अध्ययन हुँदै जाने बताए ।

उनले यस क्षेत्रका लेले-चन्दनपुर, नल्लु-चौघरे-उन्युचौर-मानिखेल-गोटीखेल र बिर्खेधार ा-दलचोकी-शफु-इकुडोल गरी तीनवटा सडक दक्षिण ललितपुरको 'लाइफ लाइन'का रूपमा विकास हुने क्रममा रहेको र यसले ललितपुरको दक्षिणी क्षेत्रको विकासमा गुणात्मक फड्को हान्ने विश्वास व्यक्त गरे ।

काठमाडौँ उपत्यकाबाट नजिकको दूरीमा प्राकृतिक मनोरम दृश्यावलोकन गर्न सकिने स्थान कोन्जोसोम भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले ग्रामीण अर्थतन्त्र र पर्यटन प्रवर्द्धन गरेर आयआर्जन गर्न सकिने बताए । उनले यस क्षेत्रमा पर्यटकको बसाइ लम्ब्याएर विदेशी मुद्रा आर्जनका निम्तिसमेत राजधानी नजिकका यस्ता पर्यटकीय गन्तव्यको विशिष्ट भूमिका रहने विश्वास व्यक्त गरे ।

यो क्षेत्र कृषि, तरकारी खेती, पशुपालन, दूध र मासु उत्पादनका दृष्टिले अत्यन्त सम्भावनायुक्त क्षेत्र भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, विविधिकरण र बजारीकरणका माध्यमबाट यस क्षेत्रका जनताले पर्याप्त लाभ लिन सक्ने बताए । ललितपुर जिल्लाभित्र पर्ने अत्यन्त महत्त्वपूर्ण र मनोरम गाउँपालिकाका रूपमा स्थापित कोन्ज्योसोमले कृषि र पर्यटनमार्फत ग्रामीण अर्थतन्त्रको सवलीकरण एवं विकासमा रचनात्मक भूमिका खेल्दै आएको बताउँदै प्रधानमन्त्री दाहालले अर्ग्यानिक कृषि उत्पादन, पर्यटकीय सम्भावनाको खोजी एवं गाउँपालिकाभित्र विद्यमान सबै साधन स्रोतको अधिकतम् उपयोगका निम्ति विभिन्न नीति, योजना र कार्यक्रम तर्ज'मा गरी कार्यान्वयन गर्न'पर्नेमा जोड दिए ।

'करिब ७८ प्रतिशत तामाङ समुदायको बसोबास रहेको यस कोन्ज्योसोम गाउँपालिकाको नामकरण स्थानीय पहिचान झल्किने गरी तामाङ भाषामा गरिएको छ', प्रधानमन्त्री दाहालले भने, 'यसबाट गाउँपालिकाभित्रका विविधतायुक्त संस्कृतिको प्रवर्द्धन हुनुका साथै प्राकृतिक एवं सांस्कृतिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नसमेत महत्वपूर्ण योगदान पुग्दै आएको छ ।'

प्रधानमन्त्री प्रचण्डले स्थानीय भाषा, कला र संस्कृतिको प्रवर्द्धन गरी उत्पीडित वर्ग, जाति र समुदायको पहिचान र आत्मस्वाभिमान स्थापित गर्न'का साथै यस्ता रचनात्मक क्रियाकलापले पर्यटन प्रवर्द्धनमा समेत गुणात्मक योगदान पुर्याउने विश्वास व्यक्त गरे । कोन्ज्योसोम प्रतिमा निर्माणमा संघ, प्रदेश र स्थानीय तीनै तहको भूमिका र योगदान रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले तीनै तहका सरकारहरूको संयुक्त लागत साझेदारीमा निर्माण गरिएको त्रिमूर्तिले यस क्षेत्रको ऐतिहासिकताको समेत प्रतिनिधित्व गर्ने विश्वास व्यक्त गरे ।

# जलवायुमैत्री लगानी विस्तारका लागि अन्तर्राष्ट्रिय समुदायलाई आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले जलवायु वित्तीय व्यवस्थापन र दिगो विकासका पहलहरूमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहने स्पष्ट गरेका छन् ।

काठमाडौंको चन्द्रागिरिमा बुधबारदेखि सुरु भएको 'हिमाल, मानिस र जलवायु परिवर्तन' विषयक अन्तर्राष्ट्रिय विशेषज्ञ संवादलाई नेपालको निजी क्षेत्रका तर्फबाट सम्बोधन गर्दै अध्यक्ष ढकालले प्रतिकूलता न्यूनीकरण, जोखिम न्यूनीकरण र दिगो अर्थतन्त्रका लागि जलवायु वित्तीय व्यवस्थापन महत्वपूर्ण रहेकामा जोड दिए । उनले नेपालको जलवायुमैत्री लगानीमा नेपालले गरेका पहलहरूका बारेमा प्रस्तुत गर्दै नेपालको प्राकृतिक सम्पदालाई दिगो विकासका लागि उपयोग गर्न नेपाल सरकार तथा निजी क्षेत्र प्रतिबद्ध रहेको बताए ।

विशेष गरी ग्लोबल आइएमई बैंक र ग्लोबल क्लाइमेट पार्टनरशिप फन्ड बीचको २५ मिलियन अमेरिकी डलर सम्झौताले कार्बन उत्सर्जन र ऊर्जा माग घटाउने उद्देश्य राखेका परियोजनालाई वित्तीय सहायता प्रदान गर्ने अध्यक्ष ढकालले जानकारी दिए । यसबाट नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता परियोजनालाई बलियो बनाउनुका साथै लघु, साना तथा मझौला उद्योगलाई लाभ पुर्याई नेपालको जलवायु प्रतिरोध क्षमता बढाउने उनले स्पष्ट पारे ।

अध्यक्ष ढकालले निजी क्षेत्रले नेपालमा जलवायु मैत्री लगानी विस्तार गरेको तथा जलविद्युत, सौर्य ऊर्जा, कृषि, पर्यटन, तथा अन्य क्षेत्रमा उल्लेख्य मात्रामा लगानी गरेको जानकारी पनि सो अवसरमा दिए । उनले भने, 'जलविद्युतमा निजी लगानीले एक हजार ७४४ मेगावाट विद्युत उत्पादन गरेका छन् । विशेष गरी ग्रामीण क्षेत्रमा सौर्य ऊर्जा परियोजनाहरू बढ्दै गइरहेका छन् र यसले गैर-नवीकरणीय स्रोतहरूप्रति निर्भरता घटाउँदैछ ।'

विद्युतीय सवारी साधनमा कम भन्सार शुल्क जस्ता सरकारी नीतिहरूले नवीकरणीय ऊर्जातर्फको परिवर्तनलाई थप समर्थन गरिरहेको र विद्युतीय सवारी प्रवर्धनमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको अध्यक्ष ढकालको भनाइ थियो ।

# राष्ट्रिय वाणिज्य बैंकको सिईओमा खनाल



**काठमाडौं (प्रस)–** राष्ट्रिय वाणिज्य बैंकको प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा देवेन्द्र रमण खनाल नियुक्त भएका छन् । तत्कालीन सिइओ किरण कुमार श्रेष्ठले दुई कार्यकाल सकेर बिदा भएपछि बैंकको सीईओ पद रिक्त थियो ।

बैंककै डेपुटी सीईओ रहेको खनाललाई बैंक सञ्चालक समितिको बिहीबार बसेको बैठकले सीईओमा नियुक्त गर्ने निर्णय गरेको बैंकले जनाएको छ। चार्टर्ड एकाउन्टेन्ट समेत रहेका खनाललाई आगामी ४ वर्षका लागि सरकारले सीईओमा नियुक्त गरेको हो । सीईओ बन्न २० जनाले आवेदन दिएकोमा ५ जनाको नाम सर्ट लिस्टमा परेको थियो । सर्ट लिष्टमा खनालसहित कृष्ण बहादुर अधिकारी, प्रकाशचन्द्र अधिकारी, विष्णुदेव यादव र शंकर केसी रहेका थिए ।

# नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघको विज्ञप्तिप्रति एक्सन नेपालको असहमति

**काठमाडौं (प्रस)–** नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघले जारी गरेको सूर्तीजन्य पदार्थमा लाग्ने करको प्रतिशत र करको बिधासहित प्रकाशित गरेको विज्ञप्ति भ्रामक भएको भन्दै एक्सन नेपालको गम्भीर ध्यानाकर्षण भएको जनाएकोछ ।

सूर्ती उद्योगीहरूले संसार भरी नै भ्रामक सुचना सम्प्रेषण गर्ने, वैज्ञानिक बिधिमा आधारित नभएका तथ्य बाहिर ल्याउने र निति निर्माणमा संलग्न भएका नेता तथा कर्मचारीहरूलाई त्यस्ता तथ्य र अन्य बिधिहरू प्रयोग गरि प्रलोभनमा पार्ने एवं निति निर्माणमा हस्तक्षेप गरी आफू अनुकुल कानुन र परिस्थिती निर्माण गर्ने प्रचलन रहेको समेत आरोप लगाएकोछ ।

नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघले २०८१ जेठ ४ गते जारी गरेको विज्ञप्तीका बिषयलाई लिई विहिवार एक्सन नेपालले आयोजना गरेको पत्रकार सम्मेलनमा सधै वैज्ञानिक बिधि र अनुसन्धानमा आधारित तथ्य र संसारभर प्रचलनमा आएका बिशिष्टकृत अभ्यासहरूको मात्रै परिपालना र वकालत गर्दै आएको जनाएको छ ।

एक्सन नेपालले दिएको जानकारी अनुसार आन्तरिक राजश्व बिभागको तथ्याङ्क अनुसार गत वर्ष नेपालमा लगभग ११ अर्ब २६ करोड ६६ लाख ६६ हजार ६ सय ६७ खिल्ली चुरोट उत्पादन भयो । यस हिसाबमा कुल अन्त:शुल्क २६ अर्ब २२ करोड रूपैया (प्रति खिल्ली औसत रु २.३२ को दरले) राजश्व संकल भयो । एक्सन नेपालका अध्यक्ष आनन्द बहादुर चन्दका अनुसार प्रति खिल्ली अन्त: शुल्क रु ४ (औसतमा) मात्रै बनाउँदा पनि ४५ अर्ब ६ करोड ६६ लाख ६६ हजार ६ सय ६८ रूपैया राष्ट्रले राजश्वको रूपमा संकलन गर्नेछ जुन अहिलेको भन्दा रु १८ अर्ब ८४ करोड ६६ लाख ६६ हजार ६ सय ६८ रूपैया बढी हो ।

सोही अवसरमा दिईएको जानकारी अनुसार अहिले प्रति खिल्ली रु ०.६ स्वास्थ्य जोखिम कर हुँदा राष्ट्रले कुल ६ अर्ब ७६ करोड रूपैया राजश्व उठाउँछ । स्वास्थ्य मन्त्रालयले प्रस्ताब गरे अनुसार प्रति खिल्ली रु ३ स्वास्थ्य जोखिम कर बृद्धि गर्ने हो भने लगभग ३३ अर्ब ८० करोड रूपैया स्वास्थ्य जोखिम कर उठ्नेछ जुन अहिलेको भन्दा रु २७ अर्ब ४ करोड रूपैया बढि हो । नेपालमा करको दर कम भएकै कारण नेपालमा चुरोटको मुल्य विश्वकै तुलनामा सबैभन्दा कम छ ।

विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको कर दर (७५%) भन्दा नेपाल सरकारले सूर्तीजन्य पदार्थमा लगाएको कर निकै कम छ । यसले सूर्तीजन्य उद्योग प्रति नेपाल सरकारको सम्झौतावादी निति प्रष्ट देखिन्छ । बर्तमान सरकारले विश्व स्वास्थ्य संगठनको शिफारिस अनुसार सूर्तीजन्य पदार्थमा कर बृद्धि गर्यो भने मौजुदा राजश्व ३२ अर्ब ९८ करोडमा थप ४५ अर्ब ८९ करोड गरि जम्मा ७८ अर्ब ८७ करोड राजश्व संकलन हुन जान्छ । सूर्तीजन्य पदार्थबाट लाग्ने रोगहरू जनस्वास्थ्यको प्रमुख चिन्ताको रूपमा देखिएको अवस्थामा नेपाल सरकार त्यस प्रति गम्भिर हुन जरुरी छ ।

सूर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने कानुनको कार्यान्वयन र सूर्तीजन्य पदार्थमा उपयुक्त करको संयोजनले मात्र सूर्तीजन्य पदार्थको सेवनबाट उत्पन्न हुने स्वास्थ्य, सामाजिक र आर्थिक संकटलाई प्रभाबकारी रूपमा सम्बोधन गर्न सकिन्छ । यसप्रति सचेत रहन एक्सन नेपाल सरोकारवाला निकायहरूलाई सचेत गराउन चाहन्छ । स्मरण रहोस् ! नेपालमा वार्षिक अनुमानित ३७ हजार भन्दा बढीको मृत्यु सुर्तीजन्य पदार्थको सेवनबाट हुने गरेको छ ।

चट्याङबाट बच्ने उपायहरू

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरंग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा रहौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ